मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395



नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

● वर्ष ४ ● अंक २४३ ● २०८३ साल श्रावण २४ गते आइतबार ● Sunday 09, August 2026 ● सूर्योदय: बिहान ०५:२२ बजे ● सूर्यास्त: साँझ ०७:०१ बजे ● पृष्ठ ४ ● मूल्य रु. ५/-


## विपद्का बेला तत्काल राहत परिचालन गर्ने बर्दिवासको गोदाम अनुगमन

**मधेशदृष्टि**
**महोत्तरी ।**
विपद्का बेला आवश्यक पर्ने राहत तथा उद्धार सामग्रीको उपलब्धता र भण्डारण अवस्थाबारे जानकारी लिन महोत्तरीको बर्दिवासस्थित विपद् गोदामघरको संयुक्त अनुगमन तथा निरीक्षण गरिएको छ ।
गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, बर्दिवास नगरपालिका र सेभ द चिल्ड्रेनका प्रतिनिधिसहितको टोलीले शनिबार गोदामघरको निरीक्षण गरेको हो ।
अनुगमनका क्रममा गोदाममा भण्डारण गरिएका राहत तथा उद्धार सामग्रीको अवस्था, सुरक्षित भण्डारणको व्यवस्थापन र विपद् आइपरेको अवस्थामा ती सामग्री तत्काल प्रभावित क्षेत्रमा पु¥याउन सकिने अवस्थाबारे जानकारी लिइएको थियो ।
विपद्का समयमा प्रभावित नागरिकलाई समयमै राहत उपलब्ध गराउन गोदाममा रहेका सामग्रीको नियमित निगरानी, व्यवस्थित भण्डारण र आवश्यकताअनुसार तत्काल परिचालनको व्यवस्था प्रभावकारी हुनुपर्नेमा अनुगमन टोलीले जोड दिएको छ ।

# ग्यासको अभाव देखिएपछि प्रजिअसहितको टोली अनुगमनमा

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजमा खाना पकाउने ग्यासको अभाव देखिएपछि पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहालको नेतृत्वमा शनिबार बजार अनुगमन गरिएको छ । अनुगमनका क्रममा अधिकांश डिलरमा भरिएका ग्यास सिलिन्डरको मौज्दात न्यून देखिएपनि डिलर तथा गोदाममा ठूलो संख्यामा खाली सिलिन्डर मौज्दात रहेको भेटिएको छ।
डिलर सञ्चालकहरूले कम्पनीबाट पर्याप्त मात्रामा ग्यास नआएकाले बजारमा अभाव भएको बताएका




थिए। डिलरहरूको भनाइअनुसार उद्योगले समयमा ग्यास उपलब्ध नगराउँदा उपभोक्ताको मागअनुसार वितरण गर्न नसकिएको हो।
यता ग्यास उद्योगहरूले भने आफूसँग पर्याप्त खाली सिलिन्डर नभएकाले डिलरबाट खाली सिलिन्डर संकलन हुन नसकेको र सोही कारण समयमा ग्यास भरेर पठाउन नसकिएको बताउँदै आएका छन् ।
तर अनुगमनका क्रममा एउटा डिलरमा मात्रै ४८० वटा खाली ग्यास सिलिन्डर मौज्दात रहेको भेटिएको छ। वीरगंजका अन्य डिलर तथा गोदाममा समेत कम्तिमा १०० र ५० वटासम्म खाली सिलिन्डर रहेको अनुगमन टोलीले फेला पारेको छ।
टोलीमा सहायक प्रमुख जिल्ला अधिकारी दयाकृष्ण थापा र कृष्णप्रसाद चापागाईं, जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक राजु कार्की, नेपाल आयल निगम वीरगंजका प्रमुख मोहनकुमार साह, गुणस्तर तथा नापतौल कार्यालयका प्रतिनिधि, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय वीरगंजका मधुलेश साह, उपभोक्ता संरक्षण मञ्च नेपालका केन्द्रीय सदस्य अजित भुजेल तथा ग्यास बिक्रेता संघ पर्साका अध्यक्ष वीरेन्द्र साहलगायतको सहभागिता थियो।
उक्त टोलीले वीरगंजस्थित सीडीओ कार्यालय पछाडि, बनारसी चोक, रानीघाट, श्रीपुर, ओमआश्रम, पानीटंकी, रेशमकोठी, ६ नम्बर गेटलगायतका क्षेत्रमा रहेका ग्यास डिलरमा पुगेर मौज्दात तथा आपूर्ति अवस्थाबारे जानकारी लिएको थियो।
उद्योगले 'खाली सिलिन्डरको अभाव' देखाउने तर डिलर तथा गोदाममा सयौं खाली सिलिन्डर थुप्रिएको भेटिएपछि ग्यासको आपूर्ति व्यवस्थापनप्रतिको प्रश्न अलि पेचिलो बनेको छ । बजारमा देखिएको अभाव वास्तविक आपूर्ति समस्या हो वा वितरण प्रणालीमा भएको कमजोरीका कारण कृत्रिम अभाव सिर्जना भएको हो भन्ने विषयमा समेत अनुगमनले चासो बढाएको छ।
यता ग्यास नपाएपछि उपभोक्ताहरू भने डिलर–डिलर धाउन बाध्य छन् । ग्यास पाइने आशामा विभिन्न डिलरमा पुगेका उपभोक्तामध्ये कतिपय ग्यास नपाएर रित्तै फर्किनुपर्ने अवस्थो छ । नेपाल सरकारले विगतकै अनुपातमा ग्याँस आपुर्ति भइरहेको बताइरहँदा समस्या उद्योग तर्फबाट हो या विक्रेताबाट सृजना भएको हो भन्ने बारे गहन अध्यायन र कारवाईको जरुरी देखिएको छ।

## सार्वजनिक संस्थानहरु क्रमिक रुपमा सुधार हुँदैः प्रम

**मधेशदृष्टि**
**काठमाडौँ।**
प्रधानमन्त्री वालेन्द्र शाहले वर्षौंदेखि घाटामा रहेका र बन्द अवस्थामा पुगेका नेपालका राष्ट्रिय उद्योग तथा सार्वजनिक संस्थानहरूमा क्रमिक सुधार देखिन थालेको बताएका छन्।
इमान्दारिता, कानुनको कार्यान्वयन र निरन्तरको 'टिमवर्क'का कारण चुनौतीपूर्ण अवस्थामा पनि यी संस्थानहरू पुनः जीवन्त र प्रतिस्पर्धी बन्न थालेको उनको भनाइ छ । सामाजिक सञ्जाल फेसबुकमार्फत प्रधानमन्त्री शाहले सरकारले आगामी तीन वर्षमा ९८ प्रकारका निःशुल्क औषधि उत्पादन गर्ने लक्ष्य लिएको छ, जसमा यस वर्ष मात्र ३७ प्रकारका औषधि उत्पादन गर्ने तयारी भइरहेको बताए।
यसैविच लामो समयदेखि बन्द रहेको हेटौँडा कपडा उद्योगमा कपडा बुन्ने पुराना तान (लुम) पुनः सञ्चालनमा आएका छन् । नेपाली सेनाको नेतृत्वमा उद्योगमा रहेका पुराना मेसिन तथा तान मर्मत गरी शनिबारदेखि परीक्षण उत्पादन सुरु गरिएको हो । प्रधानमन्त्री बालेन्द्र शाहका निजी सचिव प्रदीप परियारका अनुसार सेनाको नेतृत्वमा उद्योगभित्र रहेका मेसिन तथा तानको मर्मतसम्भारपछि परीक्षण उत्पादन सुरु गरिएको हो ।

## कांग्रेस एकताबद्ध भएर बदलिँदो राजनीतिक परिस्थितिको सामना गर्नुपर्छः निधि

**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपाली कांग्रेसका नेता तथा पूर्वउपप्रधानमन्त्री विमलेन्द्र निधिले बदलिँदो राजनीतिक परिस्थितिमा पार्टीलाई थप सुदृढ र एकताबद्ध बनाएर अघि बढ्नुपर्ने बताएका छन्।
धनुषाका कांग्रेस नेता तथा कार्यकर्तासँग शनिबार जनकपुरधामस्थित मारवाडी सेवा समितिको भवनमा भएको अन्तरक्रियामा निधिले पार्टीभित्रको एकता, संगठन सुदृढीकरण र जनतासँगको सम्बन्धलाई प्राथमिकतामा राख्नुपर्ने धारणा राखेका हुन् । वर्तमान राजनीतिक परिस्थितिमा कांग्रेसले जिम्मेवार र परिपक्व भूमिका निर्वाह गर्नुपर्ने उल्लेख गर्दै निधिले लोकतान्त्रिक मूल्य, संविधानको संरक्षण र जनताको अधिकारका पक्षमा पार्टी दृढतापूर्वक उभिनुपर्ने बताए । कांग्रेसको वास्तविक शक्ति नेता–कार्यकर्ताबीचको एकता र संगठनको सक्रियतामा निर्भर रहने उनको भनाइ थियो। स्थानीय तहदेखि नै पार्टी संगठनलाई प्रभावकारी र चलायमान बनाउनुपर्नेमा जोड दिँदै निधिले जनताका समस्या, अपेक्षा र गुनासालाई नजिकबाट बुझेर राजनीतिक गतिविधि अघि बढाउन कार्यकर्तालाई आग्रह गरे।
अन्तरक्रियामा धनुषामा पार्टी संगठनको वर्तमान अवस्था, पछिल्लो राजनीतिक घटनाक्रम, नेता तथा कार्यकर्ताका समस्या र आगामी राजनीतिक रणनीतिका विषयमा छलफल भएको थियो। कार्यक्रममा जिल्लाका विभिन्न क्षेत्रबाट सहभागी कांग्रेस नेता तथा कार्यकर्ताले संगठनलाई थप प्रभावकारी बनाउनुपर्ने, आपसी समन्वय बढाउनुपर्ने तथा पार्टी र जनताबीचको सम्बन्धलाई अझ मजबुत बनाउनुपर्ने सुझाव दिएका थिए ।सहभागीबाट प्राप्त सुझाव तथा स्थानीय तहमा देखिएका संगठनात्मक समस्यालाई आगामी दिनमा पार्टीका गतिविधि र संगठन सुदृढीकरणमा समेटेर अघि बढ्ने प्रतिबद्धता कार्यक्रममा व्यक्त गरिएको थियो।

## चपुरस्थित ग्यास पसलमा प्रशासनको अनुगमन

**मधेशदृष्टि**
**रौतहट।**
रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालको नेतृत्वमा सुरक्षा प्रमुखहरूको टोलीले जिल्लाको चन्द्रनिगाहपुरस्थित विभिन्न ग्यास पसलको अनुगमन गरेको छ।
अनुगमनमा नेपाल प्रहरीका रौतहट प्रमुख प्रहरी उपरीक्षक सीताराम रिजाल, सशस्त्र प्रहरी रौतहटका प्रमुख प्रहरी उपरीक्षक रामहरि अधिकारी, राष्ट्रिय अनुसन्धान विभागका उपनिर्देशक कुमार बुढाथोकी तथा इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रमुख सत्यनारायण थापालगायतको सहभागिता रहेको थियो ।
अनुगमनका क्रममा टोलीले ग्यास विक्रेता तथा सर्वसाधारणसँग बजारमा ग्यासको उपलब्धताको अवस्थाबारे जानकारी लिएको थियो।
ग्यासको आपूर्ति, मौज्दात तथा उपभोक्ताले सहज रूपमा ग्यास पाइरहेको वा नपाइरहेको अवस्थाबारे समेत जानकारी लिइएको जनाइएको छ । टोलीले ग्यासको वितरण अवस्थाबारे स्थलगत जानकारी लिएर बजारमा देखिएको आपूर्ति समस्याको अवस्था बुझ्ने प्रयास गरेको थियो।


## सार्वजनिक संस्थानहरु क्रमिक रुपमा सुधार हुँदैः प्रम

**मधेशदृष्टि**
**काठमाडौँ।**
प्रधानमन्त्री वालेन्द्र शाहले वर्षौंदेखि घाटामा रहेका र बन्द अवस्थामा पुगेका नेपालका राष्ट्रिय उद्योग तथा सार्वजनिक संस्थानहरूमा क्रमिक सुधार देखिन थालेको बताएका छन् । इमान्दारिता, कानुनको कार्यान्वयन र निरन्तरको 'टिमवर्क'का कारण चुनौतीपूर्ण अवस्थामा पनि यी संस्थानहरू पुनः जीवन्त र प्रतिस्पर्धी बन्न थालेको उनको भनाइ छ । सामाजिक सञ्जाल फेसबुकमार्फत प्रधानमन्त्री शाहले सरकारले आगामी तीन वर्षमा ९८ प्रकारका निःशुल्क औषधि उत्पादन गर्ने लक्ष्य लिएको छ, जसमा यस वर्ष मात्र ३७ प्रकारका औषधि उत्पादन गर्ने तयारी भइरहेको बताए।
यसैविच लामो समयदेखि बन्द रहेको हेटौँडा कपडा उद्योगमा कपडा बुन्ने पुराना तान (लुम) पुनः सञ्चालनमा आएका छन्। नेपाली सेनाको नेतृत्वमा उद्योगमा रहेका पुराना मेसिन तथा तान मर्मत गरी शनिबारदेखि परीक्षण उत्पादन सुरु गरिएको हो। प्रधानमन्त्री बालेन्द्र शाहका निजी सचिव प्रदीप परियारका अनुसार सेनाको नेतृत्वमा उद्योगभित्र रहेका मेसिन तथा तानको मर्मतसम्भारपछि परीक्षण उत्पादन सुरु गरिएको हो ।


# संविधान संशोधनदेखि संघियता सुदृढीकरणसम्म मुद्दा बोकेर आठ दलले बनाए 'अग्रगामी मोर्चा'

**मधेशदृष्टि**
**जनकपुरधाम।**
संविधान संशोधन, सङ्घीयता सुदृढीकरण, सामाजिक न्याय र समावेशी लोकतन्त्रलाई मुख्य एजेन्डा बनाउँदै विभिन्न आठ राजनीतिक दलले 'अग्रगामी मोर्चा' गठन गरेका छन् । राजनीतिक परिवर्तनका उपलब्धिको रक्षा, उत्पीडित तथा सीमान्तकृत समुदायको अधिकार सुनिश्चितता र मुलुकमा विद्यमान राजनीतिक तथा आर्थिक संकटको निकास खोज्ने उद्देश्यसहित मोर्चा घोषणा गरिएको हो।
जनता समाजवादी पार्टी नेपाल, जनमत पार्टी, आम जनता पार्टी, नागरिक उन्मुक्ति पार्टी, प्रगतिशील लोकतान्त्रिक पार्टी, नेपाल सङ्घीय समाजवादी पार्टी, बहुजन एकता पार्टी नेपाल र खम्बुवान राष्ट्रिय मोर्चाले संयुक्त रूपमा अवधारणापत्र सार्वजनिक गर्दै मोर्चाको घोषणा गरेका हुन् । मोर्चाले सार्वभौमसत्ता, राष्ट्रिय स्वाधीनता र भौगोलिक अखण्डताको रक्षा गर्दै लोकतान्त्रिक तथा प्रगतिशील शक्तिहरूलाई एउटै अभियानमा आबद्ध गर्ने जनाएको छ। राज्यसत्ताको केन्द्रीकरण र अधिनायकवादी प्रवृत्तिको अन्त्य गर्दै स्वतन्त्रता, समानता, लोकतान्त्रिक गणतन्त्र र सङ्घीयतामा आधारित न्यायपूर्ण समाज निर्माण गर्ने उसको लक्ष्य छ।
मोर्चाले नेपालको बहुजातीय, बहुभाषिक तथा बहुसांस्कृतिक चरित्रलाई राष्ट्रिय शक्तिका रूपमा स्थापित गर्ने जनाएको छ । मधेसी, आदिवासी जनजाति, थारू, दलित, महिला, मुस्लिम, पिछडावर्गलगायत सीमान्तकृत समुदायलाई राज्यका सबै तहमा समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न संघर्ष गर्ने अवधारणापत्रमा उल्लेख छ । मोर्चाले संविधानमा रहेका संरचनात्मक कमजोरी र अस्पष्टताका कारण सङ्घीयता कार्यान्वयन प्रभावकारी हुन नसकेको निष्कर्ष निकाल्दै संविधान संशोधन, परिमार्जन वा आवश्यकताअनुसार पुनर्लेखनको एजेन्डा अघि सारेको छ । राजनीतिक स्थिरता, समान प्रतिनिधित्व, प्रदेश पुनर्संरचना र न्याय प्रणालीमा सुधारका लागि संविधान संशोधन आवश्यक रहेको उसको ठहर छ।
सङ्घीयता कार्यान्वयनलाई प्रभावकारी बनाउन स्थानीय तहलाई प्रदेशको क्षेत्राधिकारभित्र राखी आवश्यक अधिकार र स्रोत उपलब्ध गराउनुपर्ने मोर्चाको धारणा छ । प्रदेशमा स्वायत्त शासन र सङ्घमा साझा शासनको अवधारणा अघि सार्दै संसद् तथा प्रदेश सभामा समान जनसङ्ख्याका आधारमा प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने माग गरिएको छ । महिला तथा दलित समुदायका लागि छुट्टै आरक्षित निर्वाचन क्षेत्रको व्यवस्था गर्नुपर्ने प्रस्तावसमेत मोर्चाले अघि सारेको छ ।
मोर्चाले सामाजिक न्यायलाई आफ्नो अर्को प्रमुख एजेन्डा बनाएको छ । जात, जाति, वर्ग, लिङ्ग र धर्मका आधारमा हुने विभेद तथा छुवाछूत अन्त्य गर्दै सीमान्तकृत समुदायको पहिचान र अधिकार सुनिश्चित गर्ने प्रतिबद्धता जनाइएको छ । पारदर्शी, जवाफदेही र भ्रष्टाचारमुक्त शासन प्रणालीसँगै शिक्षा, स्वास्थ्य र सम्मानजनक रोजगारीलाई राज्यको प्राथमिकतामा राख्नुपर्नेमा जोड दिइएको छ।
आर्थिक क्षेत्रमा कृषि आधुनिकीकरण, जलविद्युत्, पर्यटन र औद्योगिकीकरणमार्फत उच्च तथा दिगो आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य मोर्चाले लिएको छ। युवा बेरोजगारी अन्त्य गर्न राष्ट्रिय युवा रोजगारी कार्यक्रम, सीप विकास तथा स्वदेशमै रोजगारी सिर्जनालाई प्राथमिकता दिने जनाएको छ। सुकुमबासी तथा भूमिहीनको समस्या वास्तविक पहिचानका आधारमा दीर्घकालीन रूपमा समाधान गर्ने र प्राकृतिक स्रोत संरक्षण तथा जलवायु परिवर्तनका असर न्यूनीकरणमा ध्यान दिने पनि अवधारणापत्रमा उल्लेख छ।
मोर्चा घोषणा कार्यक्रममा नेताहरूले मुलुकको वर्तमान राजनीतिक अवस्थाप्रति असन्तुष्टि व्यक्त गर्दै नयाँ राजनीतिक अभियानको आवश्यकता औँल्याए।
घोषणा कार्यक्रममा जनता समाजवादी पार्टी नेपालका संरक्षक महन्थ ठाकुरले आफू राजनीतिमा 'जोगी बन्न' नआएको भन्दै राजनीतिमा आएपछि सत्ताको राजनीति पनि गर्नुपर्ने बताए । छोटो मन्तव्य राखेका ठाकुर कार्यक्रमबाट बाहिरिएका थिए। जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले देशको स्वाधीनता र राजनीतिक उपलब्धिमाथि खतरा उत्पन्न भएको दाबी गर्दै अग्रगामी मोर्चा गठन गरिएको बताए। जेनजी आन्दोलनपछि मुलुक नयाँ राजनीतिक अवस्थामा पुगेको उल्लेख गर्दै उनले उत्पीडित समुदायले अझै न्याय नपाएको बताए।
यादवले देशमा सर्वसत्तावादी प्रवृत्ति बढ्दै गएको आरोप लगाउँदै प्राप्त राजनीतिक उपलब्धिको रक्षा र संविधानलाई थप समावेशी बनाउन मोर्चाले संघर्ष गर्ने बताए। 'देशमा न सुशासन छ, न भ्रष्टाचार अन्त्य भएको छ, आर्थिक रूपमा देश जर्जर भयो,' उनले भने । सबै राजनीतिक बन्दीलाई रिहा गर्न सरकारसँग माग गर्दै यादवले आगामी दिनमा अन्य परिवर्तनकामी शक्तिहरूलाई पनि मोर्चामा समेटिने बताए । जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले मुलुक संकटमा परेका बेला राजनीतिक शक्तिहरू एक ठाउँमा आउनु स्वाभाविक भएको बताए । विगतका कमजोरी सुधार्दै अगाडि बढ्ने प्रतिबद्धता जनाउँदै उनले अग्रगामी मोर्चा सत्ता प्राप्तिका लागि नभई जनताको अधिकारका लागि गठन भएको दाबी गरे । 'मोर्चा संघर्षका लागि बनेको हो, सत्ताका लागि होइन,' राउतले भने।
प्रगतिशील लोकतान्त्रिक पार्टीका नेता जनार्दन शर्माले मुलुक इतिहासकै चुनौतीपूर्ण अवस्थामा पुगेकाले साझा अभियानका रूपमा मोर्चा निर्माण गरिएको बताए।
सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्दै सामाजिक, सांस्कृतिक र आर्थिक विकासलाई गति दिन मोर्चाले भूमिका खेल्ने उनको भनाइ थियो । उनले संविधान संशोधन तथा पुनर्लेखनको आवश्यकता औँल्याउँदै बहिष्करणमा परेका समुदायलाई समान अधिकार दिलाउनुपर्ने बताए। आम जनता पार्टीका अध्यक्ष प्रभु साहले देश निरन्तर संकटतर्फ धकेलिँदै गएको र त्यसबाट जनता निराश बनेको दाबी गरे।




विगतमा भएका विभिन्न राजनीतिक आन्दोलनपछि पनि जनताको अवस्थामा अपेक्षित परिवर्तन आउन नसकेको उल्लेख गर्दै उनले दीर्घकालीन सोचका साथ मोर्चा गठन गरिएको बताए । नयाँ नेपाल निर्माणका लागि फरक राजनीतिक सोचसहित आफूहरू एक ठाउँमा आएको उनको भनाइ थियो।
प्रगतिशील लोकतान्त्रिक पार्टीका अध्यक्ष सन्तोष परियारले जनताको सपना र अधिकारलाई संस्थागत गर्न मोर्चा गठन गरिएको बताए । मधेस विद्रोह, माओवादी सशस्त्र आन्दोलनलगायतका आन्दोलनले सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनामा योगदान गरेको स्मरण गर्दै उनले वर्तमान सरकारले जनताको सेवकका रूपमा काम गर्न नसकेको आरोप लगाए । मधेसको योगदानलाई अवमूल्यन गरेर मुलुक अघि बढ्न नसक्ने उनको भनाइ थियो । नेपाल सङ्घीय समाजवादी पार्टीका अध्यक्ष रिजवान अन्सारीले संविधानलाई पूर्णता दिन तथा उत्पीडित समुदायको अधिकार रक्षा गर्न मोर्चा गठन गरिएको बताए। विगतका राजनीतिक दल र आन्दोलनले मुलुकमा महत्वपूर्ण परिवर्तन ल्याएको उल्लेख गर्दै उनले विगतका कमजोरी सच्याएर अघि बढ्नुपर्ने धारणा राखे।
मोर्चाले आफ्नो संगठनात्मक संरचना जिल्ला र प्रदेश तहसम्म विस्तार गर्ने जनाएको छ । आवश्यकताअनुसार भ्रातृ तथा अन्य संगठनसमेत गठन गरिने अवधारणापत्रमा उल्लेख छ । मोर्चाको नेतृत्व सहमतिका आधारमा चयन गर्ने र आवश्यक परे आलोपालो प्रणाली अपनाउने व्यवस्था गरिएको छ। निर्णय प्रक्रियामा सर्वसम्मतिलाई प्राथमिकता दिने तथा सहमति हुन नसके लोकतान्त्रिक विधिबाट निर्णय गर्ने भनिएको छ।
मोर्चामा आबद्ध दलहरूले साझा न्यूनतम कार्यक्रम र सामूहिक निर्णय कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरिएको छ। आयोजकहरूले आगामी दिनमा संविधान संशोधन, सङ्घीयता कार्यान्वयन, सामाजिक न्याय र सीमान्तकृत समुदायको अधिकारका मुद्दालाई केन्द्रमा राखेर आन्दोलन तथा राजनीतिक अभियान अघि बढाउने बताएका छन्।

## सम्पादकीय

### अग्रगामी मोर्चा:

# पहिचानको पुनर्जागरण कि अस्तित्व जोगाउने अन्तिम प्रयास ?

कुनै समय मधेशको राजनीतिमा निर्णायक हैसियत बनाएका, थारु बहुल क्षेत्रमा आफ्नो प्रभाव स्थापित गरेका र पहिचानको मुद्दालाई राजनीतिको केन्द्रमा ल्याएका शक्तिहरू आज एउटै छानामुनि उभिएका छन् । आठ पहिचानवादी दल तथा शक्तिले 'अग्रगामी मोर्चा' घोषणा गर्नु नेपालको बदलिँदो राजनीतिक समीकरणको एउटा महत्वपूर्ण घटना हो । तर यसको सबैभन्दा गम्भीर पक्ष मोर्चा किन बन्यो भन्ने होइन, कुन परिस्थितिले यी शक्तिलाई एक ठाउँमा आउन बाध्य बनायो भन्ने हो । बानेश्वर ब्यांक्वेटमा घोषणा गरिएको यो मोर्चामा जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव, जनमत पार्टीका अध्यक्ष डा. सीके राउत, आम जनता पार्टीका अध्यक्ष प्रभु साह, नागरिक उन्मुक्ति पार्टीका संरक्षक रेशमलाल चौधरीलगायत विभिन्न पहिचानवादी तथा वैकल्पिक राजनीतिक शक्तिहरू जोडिएका छन् । विगतमा एकअर्काका कट्टर प्रतिस्पर्धी रहेका उपेन्द्र यादव र डा. सीके राउत एउटै मोर्चामा उभिनु आफैंमा नेपालको राजनीतिमा आएको असाधारण परिवर्तन हो । तर यो एकताको चमकभन्दा पछाडिको राजनीतिक वास्तविकता अझ गम्भीर छ ।

पछिल्लो प्रतिनिधिसभा निर्वाचनले यीमध्ये अधिकांश शक्तिको राजनीतिक आधारलाई हल्लाइदिएको छ । कुनै समय आफ्नै प्रभाव क्षेत्रमा बलियो पकड राखेका दलहरू आज प्रतिनिधिसभामा प्रभावहीन अवस्थामा छन् । जनताले उनीहरूलाई अस्वीकार गर्नु केवल चुनावी हार होइन, उनीहरूले बोक्दै आएको राजनीतिक शैली, नेतृत्व र एजेन्डामाथिको कठोर जनमत पनि हो । त्यसैले अहिलेको मोर्चाबन्दीलाई केवल वैचारिक एकता भनेर बुझ्नु राजनीतिक यथार्थबाट आँखा चिम्लनु हुनेछ । यो ठूलो हदसम्म 'अस्तित्व रक्षाको मोर्चा' पनि हो । नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष धमेन्द्र झाले औँल्याएझैं यसको तत्कालीन उद्देश्य राजनीतिक शक्ति जोगाउनु, विगतमा उठाउँदै आएको पहिचानको मुद्दालाई संरक्षण गर्नु र भविष्यमा सम्भावित राजनीतिक ध्रुवीकरणका लागि आधार तयार गर्नु हुन सक्छ । विशेषतः आगामी स्थानीय तह तथा प्रदेशसभा निर्वाचनमा पनि पछिल्लो परिणाम दोहोरियो भने यी दलको राजनीतिक अस्तित्व झनै कमजोर हुने जोखिम छ । त्यसैले अहिलेको एकता उनीहरूका लागि आवश्यकता पनि हो र बाध्यता पनि । तर यहाँ एउटा असहज प्रश्न उठ्छ 'जनताले अस्वीकार गरेका शक्तिहरू एक ठाउँमा जम्मा हुँदैमा जनताले फेरि स्वीकार गर्छन् ?' उत्तर सहज छैन ।

पहिचान नेपालको लोकतान्त्रिक आन्दोलनको महत्वपूर्ण एजेन्डा हो । संघीयता, समावेशिता, सामाजिक न्याय, भाषिक तथा सांस्कृतिक अधिकार र राज्यसत्तामा समान सहभागिता आज पनि सान्दर्भिक विषय हुन् । तर पहिचानको राजनीति जनताको जीवनसँग जोडिएन भने त्यो केवल राजनीतिक नारामा सीमित हुन्छ । आज मधेशका नागरिकलाई पहिचानसँगै रोजगारी चाहिएको छ । थारु समुदायलाई अधिकारसँगै विकास र अवसर चाहिएको छ । सीमान्तकृत समुदायलाई प्रतिनिधित्वसँगै शिक्षा, स्वास्थ्य, सुरक्षा र सम्मानजनक जीवन चाहिएको छ । प्रदेशलाई अधिकारसँगै आर्थिक स्रोत र प्रभावकारी शासन चाहिएको छ । 'जनताले अब आन्दोलनको इतिहास होइन, परिणाम खोजिरहेका छन् ।' अग्रगामी मोर्चाको अवधारणापत्रमा लोकतान्त्रिक गणतन्त्र, संघीयता, समावेशिता, राष्ट्रिय तथा जातीय पहिचान, प्रदेशको स्वायत्तता र स्वशासन तथा संविधान संशोधन वा पुनर्लेखनसम्मका विषय उठाइएका छन् । यी विषय गम्भीर छन् । तर गम्भीर प्रश्न उठाउने मात्र होइन, त्यसको व्यावहारिक उत्तर दिनु पनि राजनीतिक शक्तिको जिम्मेवारी हो । संविधानमा संरचनात्मक त्रुटि छन् भने कुन धारामा के सुधार गर्ने ? संघीयता अव्यावहारिक भएको हो भने कुन अधिकार प्रदेशलाई दिने ? आर्थिक संघीयताको समस्या कसरी समाधान गर्ने ? स्वायत्तता र राष्ट्रिय एकताको सन्तुलन कसरी कायम गर्ने ? पहिचानको आधारमा प्रतिनिधित्व बढाउँदा सामाजिक सद्भाव कसरी बलियो बनाउने ? यी प्रश्नको उत्तर नदिई संविधान संशोधन वा पुनर्लेखनको नारा लगाउनु जनतालाई फेरि राजनीतिक भाषणको घेरामा राख्नु मात्र हुनेछ ।

अर्को खतरा नेतृत्वको महत्वाकांक्षा हो । विगतमा एउटै भूगोलमा एकअर्कालाई चुनौती दिएका नेताहरू अहिले एउटै मोर्चामा छन् । यो परिवर्तन स्वागतयोग्य हुन सक्छ, तर जनताले उनीहरूको नियत जाँच्नेछन् । 'के उनीहरू साँच्चिकै विचारका लागि एक भएका हुन्, कि आगामी निर्वाचनमा सिट र शक्ति जोगाउन ?' यदि यो मोर्चा केही नेताको राजनीतिक पुनर्वासको माध्यम बन्यो भने यसको भविष्य कमजोर हुनेछ । तर यदि यसले विगतका गल्ती स्वीकार गर्छ, संगठनमा लोकतान्त्रिक संस्कार विकास गर्छ, नेतृत्व हस्तान्तरणको बाटो खोल्छ र जनताको वास्तविक समस्यालाई आफ्नो एजेन्डाको केन्द्रमा राख्छ भने यसले नयाँ राजनीतिक सम्भावना जन्माउन सक्छ । अग्रगामी बन्ने हो भने मोर्चाले सबैभन्दा पहिले आफूभित्रकै पुरानो राजनीतिक संस्कारविरुद्ध संघर्ष गर्नुपर्छ । परिवारवाद, गुटवाद, व्यक्तिकेन्द्रित नेतृत्व, अवसरवादी गठबन्धन र सत्तामुखी राजनीतिक संस्कार त्याग्नुपर्छ । पहिचानको मुद्दालाई जातीय उत्तेजनामा होइन, समान अधिकार र सामाजिक न्यायको राष्ट्रिय एजेन्डामा रूपान्तरण गर्नुपर्छ ।

आजको नेपाली मतदाता पहिलेभन्दा बढी सचेत छ । उसले दलको नामभन्दा काम हेर्छ । नेताको भाषणभन्दा व्यवहार हेर्छ । आन्दोलनको इतिहासभन्दा भविष्यको योजना हेर्छ । त्यसैले अग्रगामी मोर्चाको वास्तविक परीक्षा बानेश्वरको सभाहलमा होइन, गाउँ–गाउँका मतदाताको मनमा हुनेछ । अहिले यी शक्तिसामु दुई बाटा छन् । पहिलो, विगतको गौरव सम्झिँदै सत्ता र सिटको अंकगणितमा सीमित हुने, दोस्रो, विगतका कमजोरी स्वीकार गर्दै नयाँ राजनीतिक विश्वास निर्माण गर्ने । 'यदि यो मोर्चा केवल अस्तित्व बचाउने गठजोड हो भने यसको आयु छोटो हुनेछ । यदि यो पहिचान, संघीयता, समावेशिता र सामाजिक न्यायलाई सुशासन, विकास र जनजीविकासँग जोड्ने नयाँ राजनीतिक प्रयत्न हो भने यसको अर्थ हुनेछ ।' अब निर्णय मोर्चाका नेताहरूको हातमा छ उनीहरूले 'अग्रगामी' नामलाई केवल नारामै सीमित राख्ने कि त्यसलाई व्यवहारमै प्रमाणित गर्ने ?

### सिकाइ चौतारीः

# शिक्षामा गुणस्तर र पहुँच विस्तारको डिजिटल यात्रा

काठमाडौँ ।
गुणस्तरीय शैक्षिक सामग्रीमा सहज पहुँच विस्तारका लागि नेपाल सरकारले 'सिकाइ चौतारी' नामक आधिकारिक डिजिटल सिकाइ प्लेटफर्मलाई सक्रिय बनाएको छ । विद्यालय तह (कक्षा १ देखि १२) सम्मका विद्यार्थी, शिक्षक र शिक्षा क्षेत्रसँग सम्बन्धित सरोकार भएका निकायलाई प्रविधिमैत्री सिकाइको अवसर उपलब्ध गराउन शिक्षा तथा खेलकुद मन्त्रालय मातहतको शिक्षा तथा मानव स्रोत विकास केन्द्रले 'सिकाइ चौतारी' लाई वेबसाइट र एप्समार्फत अघि बढाइएको हो । गुणस्तरीय शिक्षा र तालिम अवसरहरू प्रदान गर्दै 'सबैका लागि शिक्षा, जहाँ पनि जहिले पनि सिक्नुहोस्' भन्ने उद्देश्यलाई यस यात्रामार्फत जोडिएको हो । यो पोर्टल
–भिबचलष्लन।अभजचम।नयख।लउ)
शिक्षक, अभिभावक र विद्यार्थीका लागि साझा डिजिटल मञ्चका रूपमा विकसित हुँदैछ । प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको पहिलो मन्त्रिपरिषद्बाट पारित नेपाल सरकारको शासकीय सुधारसम्बन्धी एक सय बुँदे कार्यसूचीमा समेत समाविष्ट 'सिकाइ चौतारी' मा हालसम्म ४० हजार ४४९ प्रयोगकर्ता सहभागी भइसकेका छन् । तीमध्ये दुई हजार ७५४ विद्यार्थी, ३४ हजार २३१ शिक्षक र अन्य तीन हजार ४६४ छन् । यस पोर्टलमा हालम्म कक्षा १ देखि १२ सम्मका ५८ पाठ्यक्रम राखिएका छन् । सरकारको १०० बुँदे सुधारको सूचकमा समेत समावेश रहेको 'सिकाइ चौतारी' ले डिजिटल माध्यमबाट सिकाइ सामग्रीमा पहुँच पु¥याउने, विषय विज्ञसँग जोडिने तथा नवीन ज्ञानको खोज र विस्तार गर्ने अवसर प्रदान गर्ने लक्ष्य लिएको छ । प्रविधिको बढ्दो प्रयोगसँगै शिक्षण–सिकाइ प्रक्रियालाई थप प्रभावकारी, पहुँचयोग्य र आधुनिक बनाउने सरकारी प्रयासका रूपमा यसलाई अघि बढाइएको हो । केन्द्रका उपमहानिर्देशक एवं प्रवक्ता महेन्द्र पराजुलीले उक्त प्लेटफर्म अहिले सहरी क्षेत्रका शिक्षकले बढी प्रयोग गरिरहेका बताउँदै शीघ्र 'सिकाइ चौतारी'लाई दूरदराजका शिक्षकका साथै विद्यार्थीहरूलाई केन्द्रित गरेर यसको क्षमता र पहुँच विस्तार गर्ने बताए ।
उनले विगतदेखिकै निरन्तर कार्यक्रमका रूपमा सिकाइ चौतारी रहेकाले चालु आर्थिक वर्षमा यसलाई सुदृढीकरणका लागि बजेटको आवश्यक प्रबन्ध गरिएको जनाउँदै विद्यार्थीमैत्री सामग्री उत्पादनमा थप जोड दिइने उल्लेख गरे । उनले माध्यमिक शिक्षा परीक्षा (एसइई) को सामग्री विकास गरेर राष्ट्रिय परीक्षा बोर्डको सहकार्यमा रेडियो नेपाल र नेपाल टेलिभिजनबाट प्रसारण गर्दा नतिजामा सुधार आएकाले यस्ता कार्यलाई निरन्तरता दिइने जानकारी दिए । यसमा पाठ्यक्रमका आधारमा श्रव्यदृश्य र रेखाचित्रसहित आकर्षक शैलीमा स्रोत सामग्री राखिएका छन् । यसमा स्वनिर्देशित सिकाइ सामग्री, शिक्षा पोर्टल कार्यक्रम, विद्यालय पूर्वाधार डिजाइन तथा श्रव्यदृश्य, साङ्केतिक भाषा स्रोत, नवप्रतिभा विज्ञान परिचय तथा योग अभ्यास, नेपाली




बालसङ्ग्रह, गीत सङ्ग्रह, श्रव्य शिक्षा सामग्री, आइसिटी सामग्री, एसइई परीक्षा, अनौपचारिक तथा आजीवन सिकाइ कार्यक्रम, समाचार मञ्च, अङ्ग्रेजी तथा नेपाली कथा, शब्दावलीलगायत विषय राखिएका उपमहानिर्देशक पराजुलीले जानकारी दिए । 'सिकाइ चौतारी' मार्फत् विद्यार्थी तथा शिक्षकले विभिन्न विषयसँग सम्बन्धित गुणस्तरीय शैक्षिक सामग्री डिजिटल रूपमा प्राप्त गर्न सक्ने व्यवस्था गरिएको छ । परम्परागत कक्षा कोठामा सीमित सिकाइलाई डिजिटल माध्यमबाट विस्तार गर्दै भौगोलिक तथा अन्य कारणले सहज रूपमा शैक्षिक स्रोतमा पहुँच नपुगेका विद्यार्थी तथा शिक्षकलाई सिकाइको अवसर उपलब्ध गराइने मन्त्रालयले जनाएको छ ।
डिजिटल प्लेटफर्मले सिकाइलाई केवल पाठ्यपुस्तकमा सीमित नराखी विषयविज्ञ, स्रोत सामग्री तथा नयाँ ज्ञानसँग जोड्ने अवधारणालाई प्राथमिकता दिएको छ । यसबाट प्रयोगकर्तालै आफूलाई आवश्यक विषयमा थप जानकारी हासिल गर्ना साथै सिकाइ प्रक्रियालाई रूचि र आवश्यकताअनुसार अघि बढाउन सक्ने अपेक्षा गरिएको छ । सरकारले सार्वजनिक सेवाको डिजिटल रूपान्तरणलाई प्राथमिकता दिँदै शिक्षा क्षेत्रमा पनि प्रविधिको अधिकतम उपयोग गर्ने नीति अघि सारेको छ । सोही नीतिअनुसार 'सिकाइ चौतारी'लाई डिजिटल शिक्षा प्रवद्र्धनको महत्वपूर्ण माध्यमका रूपमा विकास गर्ने प्रयास भइरहेको छ । यसले विद्यालय तहदेखि शिक्षा क्षेत्रका विभिन्न पक्षमा डिजिटल स्रोतको प्रयोग बढाउन सहयोग पु¥याउने विश्वास गरिएको छ । शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढ्दै गएको अवस्थामा यस्ता डिजिटल प्लेटफर्मले शिक्षक र विद्यार्थीबीचको सिकाइ सम्बन्धलाई थप प्रभावकारी बनाउन सक्ने देखिन्छ । विशेषगरी नयाँ पुस्तालाई प्रविधिसँग जोड्दै ज्ञानको खोज, आदानप्रदान र विस्तारमा सहयोग पु¥याउने माध्यमका रूपमा 'सिकाइ चौतारी'लाई उपयोग गर्न सकिने उपमहानिर्देशक पराजुलीले बताए ।
देशभरका शिक्षकलाई सिकाइ चौतारीको प्रयोगसम्बन्धी जानकारी दिने उद्देश्यले अभिमुखीकरणसम्बन्धी अध्ययन श्रृङ्खला पनि तयार गरिएको छ । उक्त श्रृङ्खलाका केही पाठहरू कृत्रिम बुद्धिमत्ता (एआई) प्रविधिको प्रयोग गरी तयार गरिएको छ । एआई तथा नयाँ प्रविधिको प्रयोगबाट स्वीकृत पाठ्यसामग्री तथा पाठ्यक्रमबमोजिम आगामी दिनमा सिकाइ चौतारीमा अन्तक्रियात्मक श्रृङ्खला तथा शिक्षक तालिमसम्बन्धी सामग्रीहरू विकास गरिने उपमहानिर्देशक पराजुलीले उल्लेख गरे ।
हालै सम्पन्न शिक्षा तथा खेलकुद मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक तथा आर्थिक वर्ष २०८२÷८३ को चौथो त्रैमासिक एवं वार्षिक प्रगति समीक्षा बैठकमा डिजिटल नेपाल निर्माणको अवधारणाअनुसार शिक्षा क्षेत्रमा प्रविधिको प्रयोग विस्तार गर्दै लगेको सन्दर्भमा 'सिकाइ चौतारी' को विकासलाई महत्वपूर्ण कदमका रूपमा लिइएको थियो । गुणस्तरीय शैक्षिक सामग्रीमा पहुँच, विज्ञसँगको सम्बन्ध तथा नवीन ज्ञानको विस्तारलाई एउटै डिजिटल माध्यममा जोड्ने प्रयासले नेपालको शिक्षा प्रणालीलाई थप समावेशी, प्रविधिमैत्री र पहुँचयोग्य बनाउन योगदान पु¥याउने भएकाले यसलाई अभिवृद्धि गर्न बैठकमा जोड दिइएको थियो । बैठकमा शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले चालु आर्थिक वर्षदेखि 'सिकाइ चौतारी' कार्यक्रमलाई उच्च प्राथमिकताका साथ प्रभावकारी रूपमा कार्यान्वयन गर्न निर्देशन दिए । उनले नयाँ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन, नतिजामुखी कार्यसंस्कृतिको विकास तथा शिक्षा प्रणालीमा गुणात्मक सुधारमा विशेष ध्यान दिनुपर्ने बताए । रासस

# डाक्टरको चन्दाले जब जोगायो अनिलको ज्यान

प्रगति ढकाल

काठमाडौँ ।
वीर अस्पतालस्थित नयाँ भवनको तेस्रो तलामा बिरामीको चाप छ । कोही 'बेड' नपाएर तनावमा छन् । कोही दुखाइको छटपटीमा छन् । कोही बिरामी भेट्न जानेहरु छन्, कोही आफ्ना बिरामीको अवस्था देखेर हतासमा छन् । कोही उपचारपश्चात् घर फर्कने तयारी छन् । ओहोरदोहोर गर्नेको बाक्लै भीड छ । त्यही तलाको 'बेड' नम्बर ३४९ मा हुनुहुन्छ, कालीकोट स्थायी घर भई काठमाडौँस्थित डल्लुमा बस्ने अनिल दमाईं । गत शनिबार राति करिब १०ः०० बजेको समय थियो । खाना खाएर उनी सुत्ने तर्खरमा थिए । अचानक पेटमा असह्य पीडा सुरु भयो । केहीबेरमै उनको शरीर पसिनाले निथ्रुक्क भिज्यो । श्वास फेर्न गाह्रो हुन थाल्यो । पीडा यति असह्य थियो कि उनलाई आफू अब बाँच्दिन कि भन्ने लाग्न थाल्यो तर पनि उनले एक घण्टासम्म आफ्नो पीडा परिवारसँग लुकाउनुभयो । श्रीमती नआत्तिउन्, घरका सदस्यहरू डराउन नपरोस् भन्ने सोचले उनी चुपचाप छटपटाइरहे । पीडा झन् बढ्दै गएपछि अन्ततः उनले श्रीमतीलाई भने, 'अब मरे पनि सरकारकै अस्पताल (वीर अस्पताल) मै मरुँला ।' घरमा खोज्दा जम्मा २० रुपैयाँ रहेछ । औषधि किन्ने त परको कुरा, अस्पताल पुग्ने खर्चसमेत थिएन । छिमेकीसँग ५०० रुपैयाँ सापटी लिएर उनी श्रीमती लिएर ट्याक्सी चढे । 'अरू समय डल्लुदेखि वीर अस्पताल पुग्नका लागि ट्याक्सीले ३०० जति लिने गर्थे । रातमा महँगो लाग्छ भनेर ५०० नै लिएँ । दुई सय फिर्ता दिनुस् न भनेर आग्रह गरेको ट्याक्सी चालकले मिल्दै भने । निर्दयी रहेछन्', दमाईं भन्छन् ।
वीर अस्पताल पुग्दासम्म उनीहरूका साथमा रु २० बाँकी रहेछ । अस्पतालको आकस्मिक कक्षमा पुगेपछि अर्को पीडाले सतायो । उनीहरुका साथमा टिकट काट्ने पैसा थिएन । उपचार सुरु गराउने प्रक्रिया नै रोकियो । अनिलको पेटको पीडा बढ्दै गइरहेको थियो । उनी छटपटाइरहे । बिहानसम्म उनको अवस्था झन् जटिल बन्न थाल्यो । 'म त बाँच्दिन होला । पीर नगर्नु । राम्रोसँग बच्चा हेर्नु', अनिलले श्रीमतीलाई अह्र्याए ।

#### सडकमा व्यापार गर्न नपाएपछि समस्या

कालीकोटका अनिल २५ वर्षअघि राम्रो भविष्यको सपना बोकेर काठमाडौँ आएका थियो । राजधानीमा आएपछि उनी सडक किनारमा ज्याकेट, टी–सर्टलगायत कपडा बेच्न थाले उनले । हातमा सामान झुन्ड्याएर सडकसडक घुमेर व्यापार गर्नु नै उनको जीविकोपार्जनको आधार थियो । 'व्यापार छैन, केही छैन, दमाईं भन्छन्, 'एक–दुई वटा ज्याकेट र टी–सर्ट बेचेर जसोतसो घर चलाइरहेका थियौँ तर पछिल्ला वर्षमा महानगरपालिकाले फुटपाथ व्यापार हटाउने अभियान सुरु गरेपछि हामीलाई गाह्रो भयो ।' अहिले पनि उनी सामान बोकेर सडक सडक डुल्छन् तर भाग्नुपर्ने, महानगर प्रहरीले समात्ने डर, दिनभर व्यापार गरेर पनि खर्च नउठ्ने अवस्थाले सतायो । अनिल भन्छन्, 'लुकीलुकी व्यापार गर्नुपर्छ । कहिले भाग्नुपर्छ, कहिले सामान जोगाउनुपर्छ । यसरी घर कसरी चलाउने ?' उनको परिवारमा तीन छोरा छन् । उनीहरूको पढाइको खर्च, पाँच हजार रुपैयाँ मासिक कोठाभाडा, ९० वर्षीया वृद्ध आमाको हेरचाह र दैनिक खाना खर्च सबै यही सानो व्यापारबाट चल्थ्यो । बचत गर्ने अवस्था कहिल्यै बनेन् ।

#### पैसाको अभावले पनि मृत्युको डर

अस्पतालमा चिकित्सकले जाँच गरेपछि थाहा भयो, अनिललाई हर्निया रोगले जटिल अवस्थामा पु¥याएको रहेछ । त्यसमाथि उच्च रक्तचाप र मधुमेहको समस्या पनि देखियो । तत्काल शल्यक्रिया नगरे ज्यान जोखिममा पर्नसक्ने चिकित्सकले सुझाए । तर शल्यक्रियाको खर्च कसरी जुटाउने ? चिन्ताले सतायो । अनिलका अनुसार त्यसबेला उनलाई आफ्नो ज्यानभन्दा पनि पैसाको चिन्ता बढी थियो । 'पैसा थिएन । दुखाई खप्न पनि गाह्रो भयो । बरु मरिहाल्न पाएहुन्थ्यो भनेर आफ्नै मृत्यु पुकार्न बाध्य भए', यति भन्दै गर्दा उनको आँखाबाट बरबर आँसु खसिरहेका थिए । अनिलको तयो कारुणिक दृश्यलाई वरपरका अरु बिरामी र कुरुवाले पनि निहाल्दै थिए । त्योबेला रक्तचाप अस्थिर थियो । सुगर पनि नियन्त्रणमा थिएन । शल्यक्रिया गर्दा ज्यान जानसक्ने सम्भावना पनि रहेको चिकित्सकले बताएका थिए । कि मरिहाल्न पाएहुन्थ्यो, कि छिटो उपचार भइदिहाले हुन्थ्यो भन्ने घरी मनमा कुरा खेलिरहेको उनी सुनाउँछन् । शल्यक्रियाको तयारी भइरहँदा चिकित्सकले परिवारका सदस्यलाई बोलाउन भनें । तर अनिलले अस्वीकार गरे । 'मैले भनें, उनीहरूलाई नबोलाउनुस् । मरेपछि मात्रै खबर गरिदिनुस', त्यो क्षण सम्झँदा अहिले पनि उनी भावुक बन्छन् ।

#### पैसा भएको भए छटछटीमा बसेर मृत्युको पुकार

अनिल भन्छन्, 'हामीसँग पैसा भएको भए किन यति ढिलो अस्पताल आउँथ्यौँ र ? गरिबलाई बिरामी पर्दा कसरी बचिएला भन्ने पीरभन्दा कसरी पैसाको जोहो गर्ने भन्ने चिन्ता हुने रहेछ ।' उनले सरकारी अस्पतालप्रति विश्वास भएकै कारण वीर अस्पताल रोजेका थिए । 'सरकारले केही न केही त गर्ला । पैसा छैन भन्दैमा सरकारी अस्पतालका डाक्टरले आँखै अगाडि छटपटीँ छटपटीँ म मरेको कुन हृदयले हेर्न सक्लान् र ? भन्ने लाग्यो', अनिल भन्छन्, 'धन्न यहाँ डाक्टरहरूले मिलेर पैसा उठाउनुभयो र शल्यक्रिया भयो । मेरा लागि उनीहरु जिउँदो भगवान् बन्नुभयो ।'

#### कारुणिक दृश्यले मनै थामिएनः चिकित्सक

वीर अस्पतालका चिकित्सक डा सुशील विश्वकर्माले अनिलको त्यो कारुणिक दृश्यलाई निहालिरहेका थिए । 'आवश्यक प्रक्रिया पु¥याउनुपर्नेलगायत कारण सबै विपन्न वर्गले निःशुल्क उपभार पाउँदैनन् । फेरि उनलाई शल्यक्रिया गर्न ढिला भइसकेको थियो । के गर्नु गरे ?', उनी भन्छन्, 'त्यो कारुणिक दृश्य धेरै बेर हेरेर बस्नै सकिएन । अनि हामी डाक्टरहरू मिलेर पैसा उठायौँ र शल्यक्रिया सुरू भयो ।' अनिललाई अहिले ती भगवानरुपी डाक्टर नभएको भए आज बाँच्ने थिइन् भन्ने लाग्छ । उनीका अनुसार शल्यक्रियापछि अस्पतालका चिकित्सकले उपचारमा सहुलियत दिलाउन पनि पहल गरेका थिए तर शल्यक्रिया सफल भए पनि अनिलको परिवारको आर्थिक सङ्कट भने टरेको छैन । अस्पतालको बेडमा सुतेका अनिलको आँखामा गरिबीले दिएको पीडा छचल्किरहेको थियो ।

#### मोबाइल धितो राखेर औषधि खरिद

श्रीमान् अनिलसँग कुराकानी गरिररहँदा श्रीमती रश्मिला दमाईं मलिन अनुहार लिएर टुलुटुलु हेरेर बसिरहेकी थिइन् । श्रीमान्को भावुक शब्दले रश्मिलाको पनि आँखा रसाइरहेको थियो । श्रीमान् सुतेको बेडको दायाँपट्टि चिन्तित मुद्रामा थिइन् उनी । अनुहारमा थकान थियो । अनि आँखामा चिन्ताले भरिएको आँसु । भविष्यको अनिश्चितता थियो । पेटमा तीनमहिने बच्चा हुर्किरहेको थियो । अनिलको पहिलो श्रीमतिले छाडेपछि दुई वर्षअघि रश्मिलासँग बिहे भएको हो । 'यो समयमा डाक्टरले आराम गर्न, पोषिला खानेकुरा खान भन्छन् । हामीजस्ता गरिबका लागि यी सब असम्भव कुरा हुन्', आँखाबाट झरेका आँसु कुर्ताको एक छेउले पुछ्दै भन्छिन्, 'अहिले पनि औषधि किन्ने पैसा छैन । आफूसँग भएको मोबाइल नै नजिकैको मेडिकल पसलमा धितो राखेर औषिधि ल्याएको छु । अहिले पनि त्यो मोबाइल मेडिकलमै छ ।' उनीहरुले आफन्तसँग सम्पर्क गर्ने माध्यम पनि त्यही मोबाइल थियो । अहिले कसैलाई फोन गर्नुपरे पनि अरूको मोबाइल माग्नुपर्ने अवस्था छ ।
'श्रीमान् निको भएर घर त आउनुहोला', उनी भन्छिन्, 'तर त्यसपछि औषधि किन्ने पैसा कहाँबाट ल्याउने ? घरमा खानेकुरा पनि छैन ।' गर्भावस्थाको शरीर । अस्पतालमा निःशुल्क उपलब्ध हुने खानाले धन्न पेट भरिन्छ तर दिउँसो केही खान मन लाग्दा किनेर खाने पैसा नभएको उनी सुनाउँछिन् । अहिले श्रीमान्को हेरचाह र फर्किएपछि बालबालिका र वृद्ध आमाको चिन्ता छुट्टै छ ।

#### छिमेकीको भरमा चलेको घर

अनिल अस्पतालमा छन् । परिवारको कमाउने सदस्य थलिएपछि घरमा समस्या थपिएको छ । साना छोराहरु स्कुल जान्छन् । घरमा ९० वर्षे आमा छिन् । अहिले ती परिवारका सदस्यका लागि खाना पकाउने र खर्च जुटाउने कोही छैन । यस्तो अवस्थामा घरबेटी र छिमेकीले खाना दिने गरेको रश्मिला बताउँछिन् । 'अहिलेसम्म छिमेकीले छोराहरु र आमालाई खाना दिइरहेका छन', उनी भन्छिन्, 'काठमाडौँमा आफन्त पनि धेरै छन् । भएकालेहरु पनि सहयोग गर्नसक्ने स्थितिको छैनन्' ।

#### चार महिनाको कोठाभाडा बाँकी

दमाईंको डल्लुको एउटा सानो कोठामा बस्छ । त्यही एउटा कोठामा अनिल, रश्मिला, तीन जना छोरा र वृद्ध आमा गरी छ जनाको परिवार बस्छ । मासिक पाँच हजार रुपैयाँ कोठाभाडा तिर्नुपर्छ । अहिले चार–पाँच महिनाको भाडा तिर्न बाँकी रहेको रश्मिला बताउँछिन् । 'कोठाभाडा तिर्न पनि सकेका छैनौँ', उनी भन्छिन्, 'अब घरबेटीले कहिलेसम्म पर्खिनुहुन्छ थाहा छैन ।' अस्पतालले खाना दिएको छ । चिकित्सकले पनि सकेको सहयोग गरेका छन् । उपचार खर्चमा केही छुटसमेत भएको छ तर अस्पतालबाट 'डिस्चार्ज' भएपछि औषधि, पोषिलो खाना र नियमित परीक्षणको खर्च कसरी जुटाउने भन्ने चिन्ता झन् ठूलो छ दमाईं दम्पतीका लागि ।
अनिल र रश्मिलाको कथा काठमाडौँमा अनौपचारिक क्षेत्रमा काम गर्ने हजारौँ श्रमिक परिवारको प्रतिनिधि कथा हो । फुटपाथ व्यापार, दैनिक ज्याला, अस्थायी श्रम वा अनौपचारिक रोजगारीमा निर्भर परिवारमा नियमित बचत हुँदैन । स्वास्थ्य बिमा नहुने, आकस्मिक खर्च धान्न नसक्ने र एउटा गम्भीर बिरामीले सम्पूर्ण परिवारलाई गरिबीको गहिरो खाडलमा धकेल्ने अवस्था सामान्य बन्दै गएको छ । रश्मिलाको अन्य कुनै ठूलो सपना छैन । श्रीमान् निको भएर घर चाँडो फर्किन पाए र सानोतिनो काम गरेर गुजरा मात्रै चलाउन पाए पनि हुन्थ्यो झैँ लाग्छ । 'श्रीमान् निको भएर घर आउनुभयो भने बाँकी दुःख त सहुँला', उनी भन्छिन्, 'तर उनलाई केही भयो भने हामी सबैको जीवन नै सकिन्छ । फेरि पेटमा बच्चा हुर्किरहेको छ ।'
वीर अस्पतालको बेडमा सुतिरहेका अनिलको शरीरको घाउ केही समयपछि निको होला तर गरिबीले बनाएको घाउ भने यति सजिलै निको हुने देखिँदैन । अनिलको यो कहानी उपचार, गरिबी, रोजगारी, सामाजिक सुरक्षाको अभाव प्रतिनिधिमूलक नेपालको एउटा सशक्त दस्तावेज हो ।

#### निःशुल्क उपचारमा सहजीकरण गरिने

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले लक्षित वर्गका नागरिकलाई उपलब्ध गराइने निःशुल्क उपचार सेवाको प्रभावकारी कार्यान्वयन गर्न लागिएको जनाएको छ । यसका लागि डा नवराज जोशीलाई सम्पर्क व्यक्ति तोकिएको छ । उनले 'लक्षित वर्ग निःशुल्क उपचार पोर्टल (सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३)' कार्यान्वयनलाई प्रभावकारी बनाउने बताए । 'निःशुल्क उपचार प्राप्त गर्न नेपाल सरकारले वितरण गरेको विपन्न परिचयपत्र, सम्बन्धित स्थानीय तहको विपन्न वा असहाय भएको सिफारिस, बेवारिसे बिरामीका हकमा नेपाल प्रहरी वा स्थानीय प्रशासनको मुचुल्का वा सिफारिसमध्ये कुनै एक प्रमाण पेस गर्नुपर्ने व्यवस्था छ', डा जोशीले भने ।
आकस्मिक अवस्थामा आवश्यक कागजात तत्काल उपलब्ध नभए स्वघोषणा फारामका आधारमा उपचार गर्न सकिने र अस्पतालबाट 'डिस्चार्ज' हुनुअघि आवश्यक प्रमाण पेस गर्नुपर्ने कार्यविधिमा व्यवस्था छ । त्यसबेला पनि प्रमाण उपलब्ध नभए सम्बन्धित स्थानीय प्रशासन वा प्रहरी कार्यालयको सिफारिस तथा मुचुल्काका आधारमा प्रक्रिया टुङ्ग्याउन सकिने व्यवस्था गरिएको उनको भनाइ छ । यस व्यवस्थाले लक्षित वर्गलाई उपलब्ध गराइने १० प्रतिशत निःशुल्क बेड सेवा तथा विपन्न नागरिक उपचार सहायता कार्यक्रमलाई थप प्रभावकारी बनाउने अपेक्षा गरिएको मन्त्रालयले जनाएको छ । रासस

# एसईई परीक्षामा ४ जिपिए ल्याउने विद्यार्थीलाई ल्यापटपसहित सम्मान

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज स्थित गौतम माध्यमिक विद्यालयले एसईई परिक्षा २०८२ मा अति विशिष्ट श्रेणी (सवैभन्दा उच्च अंक) ४ जिपिए हासिल गरेका आफना विद्यार्थीहरूलाई एक–एक थान ल्यापटप उपहार सहित सम्मान गरेको छ । एसईई २०८२ मा गौतम माविका विद्यार्थी आरव कुमार सिंह र आयुशी चौरसियाले ए प्लसको अति विशिष्ट श्रेणी ४ जिपिए हासिल गरेका थिए । विद्यालयका पिन्सीपल गणेश क्षत्रीको अध्यक्षतामा आयोजित कार्यक्रममा विद्यार्थी सिंह र चौरसीयालाई उपहार स्वारुप जनही एक÷एक थान ल्यावटप प्रदान गर्दै सम्मान गरिएको हो।

सो अवसरमा विद्यालयका प्रवन्ध निर्देशक परिक्षा पिया लामाले सफल विद्यार्थीहरूलाई बधाई तथा शुभकामना दिनुका साथै सफलताका लागि विद्यालयका शिक्षक÷ शिक्षिका र अभिभावकहरूलाई धन्यावाद ज्ञापन गर्नु भयो । सफलताका चुम्न विद्यार्थी, शिक्षक र अभिभावकको भूमिका महत्वपुर्ण हुने उहाँको भनाई थियो । विद्यालय स्थपना काल देखि नै हरेक परिक्षामा महत्वपुर्ण सफल्ता हासिल गर्दै आएको गौतम माविले वितेको एसईई परिक्षामा पनि आफ्नो सफलतालाई निरन्तरता दिएको निर्देशक लामाको कथन थियो।

कार्यक्रममा सम्मानित विद्यार्थीद्वेय सिंह र चौरसीयाले सफलताका निम्ती आफुहरूले अपनाएका अध्यायन विधी, शैली तथा मेहनत बारे विद्यालयका जुनियर भाइबहिनीहरूलाई अनुभव सुनाउनुका साथै सुझाव दिएका थिए। शैक्षिक विकासको लागि पढाईका साथ साथै विद्यालयको अतिरिक्त कृयाक्लापहरूमा पनि सक्रिय सहभागिता जनाउनु पर्नेमा उनीहरूले जोड दिए । शारिरिक र मानसिक तन्दुरुस्तीले शैक्षिक विकासमा प्रत्यक्ष सकारात्मक प्रभाव पर्ने उनीहरूको तर्क थियो।

विद्यालय परिसरमा सम्पन्न सम्मान कार्यक्रममा विद्यालयका निर्देशक सोनाम लामा, भाइस प्रिन्सीपल ललित कर्ण, प्रशासन प्रमुख रमेश शर्मालगायतको सहभागिता रहेको अगुवा शिक्षक सौराज प्रधानले जानकारी गराउनु भयो।

## रिचेकिङ्ग गर्दा ४ जिपिए



एसईई परिक्षा बोर्डले परिणाम प्रकाशन गर्दा गौतम माविका विद्यार्थीद्वेय आरव कुमार सिंह र आयुशी चौरसिया दुवैको ए प्लस भएपनि ३.९७ जिपिए थियो । जुन परिणामा आफुहरूले अपेक्षा गरेको भन्दा कम रहेको परिक्षार्थी र शिक्षकहरूको मत थियो । यसमा परिवार तथा अभिभावकले पनि साथ दिए पछि रिटोटलिङ गरियो । रिटोटलिङमा पनि पुनः ३.९७ अंक जति थियो त्यती नै देखियो ।

तव पनि विद्यार्थीद्वेय हतोत्साहीत भएनन् र रिचेकीङको लागि निवेदन दिए । विद्यार्थीले नियमित कक्षमा देखाउँदै आएको योग्यता र क्षमता अनुसार उनीहरूको कुनै पनि हालतमा ४ जिपिए आउनेमा विद्यालय परिवार ढुक्क थियो भने परिक्षार्थीमा पनि दृढ निश्चय र आत्म विश्वास बलियो देखिएको अगुवा शिक्षक सौराज प्रधानको भनाई छ । रिचेकिङ हुँदा प्रकृया अनुसार कम्तिमा पनि तीन जना विज्ञ शिक्षकले कपि चेक गर्ने व्यवस्था छ । यसरी चेक गर्दा पनि समग्रमा दुवै विद्यार्थीको ४ जिपिए नै अंक देखिएको परिक्षा नियन्त्रण कार्यालयले जनाएको हो । आफना बालबालिकाहरूलाई स्वमुल्यांकन गर्ने, आत्मा विश्वासी बन्ने र कितावी सैद्धान्तीक ज्ञानका अलावा व्यावहार तथा अभ्यासमा पनि पोख्त बनाउने कार्य विद्यालयले गरेको हुँदा यो परिणाम हासिल भएको अभिभावकहरूको भनाई छ ।

# धान रोपाइँ अन्तिम चरणमा, धनुषा–महोत्तरीमा मल वितरण शुरु




**मधेशदृष्टि**
**जनकपुरधाम।**
धान रोपाइँ अन्तिम चरणमा पुगेसँगै धनुषा र महोत्तरीमा रासायनिक मलको वितरण शुरु गरिएको छ । केही समयदेखि देखिएको मल अभाव क्रमशः सहज बन्दै गएपछि किसानलाई लक्षित गर्दै डिएपी र युरिया वितरण बढाइएको हो । कृषि सामग्री कम्पनी लिमिटेड जनकपुरधामले नियमित कोटाअन्तर्गत दोस्रो चरणको डिएपी र युरिया मल वितरण सुरु गरेको जनाएको छ । मधेश प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको साउन ११ गतेको निर्णयअनुसार धनुषा र महोत्तरीमा ठूलो परिमाणमा मल पठाइएको हो।

कम्पनीका अनुसार धनुषाका लागि ९७९ मेट्रिक टन डिएपी र ९२६ मेट्रिक टन युरिया तथा महोत्तरीका लागि ९३१ मेट्रिक टन डिएपी र ८८० मेट्रिक टन युरिया छुट्याइएको छ । कृषि सामग्री कम्पनी लिमिटेड जनकपुरधामका सूचना अधिकारी बेचन साहका अनुसार वीरगंजस्थित कम्पनीको प्रादेशिक कार्यालयबाट मल ढुवानी भएपछि स्थानीय तहको सिफारिसका आधारमा जिल्लाका सहकारी तथा अधिकृत विक्रेतामार्फत किसानलाई वितरण भइरहेको छ । उनका अनुसार साउनको दोस्रो सातामा थप डिएपी र युरिया प्राप्त भएपछि मल आपूर्तिमा सहजता आएको हो। जनकपुरधामस्थित कम्पनीको गोदाममा हाल करिब २ दशमलव ६ मेट्रिक टन युरिया मौज्दात रहेको साहले जानकारी दिए।

स्थानीय तहबाट प्राप्त माग र सिफारिसका आधारमा उपलब्ध मल वितरण भइरहेको कम्पनीले जनाएको छ । यसअघि केही समय रासायनिक मलको आपूर्ति प्रभावित हुँदा किसानले अभाव झेल्नुपरेको थियो।

सुनसरी र सिराहामा भएका घटनापछि स्थानीय प्रशासनले विभिन्न क्षेत्रमा कफ्र्यु तथा निषेधाज्ञा जारी गरेपछि केही दिन मल ढुवानीसमेत प्रभावित भएको कम्पनीको भनाइ छ । ढुवानीमा अवरोध हुँदा धनुषा र महोत्तरीमा मल वितरण प्रभावित भए पनि अवस्था सामान्य बन्दै गएसँगै आपूर्ति र वितरण पुनः नियमित हुन थालेको हो।

धान रोपाइँ अन्तिम चरणमा पुग्दा युरिया मलको माग थप बढ्ने गरेको छ । रोपाइँपछि धानको वृद्धि र उत्पादनका लागि आवश्यक पर्ने मल समयमै उपलब्ध भए किसानलाई राहत पुग्ने कृषि क्षेत्रका जानकारहरूको भनाइ छ । कृषकले मलका लागि लामो समय लाइन बस्नुपर्ने वा अभाव झेल्नुपर्ने अवस्था अन्त्य गर्न आपूर्ति प्रणालीलाई नियमित र प्रभावकारी बनाउनुपर्ने उनीहरूको सुझाव छ। रोपाइँको अन्तिम समयमा मल अभाव भए त्यसको प्रत्यक्ष असर धानको उत्पादनमा पर्न सक्ने भएकाले वितरणसँगै आगामी चरणका लागि समेत पर्याप्त मौज्दात कायम राख्नुपर्ने देखिएको छ।

# विहारमा भएको अटो दुर्घटनामा सर्लाहीका युवकको मृत्यु, ६ जना घाइते

**मधेशदृष्टि**
**सर्लाही।**
भारतको बिहारमा भएको अटो दुर्घटनामा सर्लाहीका एक नेपाली युवाको मृत्यु भएको छ भने ६ जना घाइते भएका छन्।

सर्लाहीको धनकौल गाउँपालिका–४ निवासी लगन राम भनिने ढुनमुन रामका ३२ वर्षीय छोरा अजय रामको भारतको बिहार राज्यस्थित ढाका क्षेत्रमा शुक्रबार बिहान करिब ५ बजे भएको दुर्घटनामा मृत्यु भएको हो।

भारतको पञ्जाबमा किसानी काम गरेर घर फर्किने क्रममा उनीहरू सवार अटो दुर्घटनामा परेको बताइएको छ । दुर्घटनामा अजयको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनामा उमेश राम, नर्सिङ राम, प्रमोद राम, चुनचुन राम, दिलीप राम र नवीन माझी घाइते भएका छन्।

घाइतेहरूको भारतस्थित सरकारी अस्पतालमा उपचार भइरहेको जनाइएको छ । मृतक अजय रामको शव पोस्टमार्टमका लागि सरकारी अस्पताल ढाका लगिएको छ । शव नेपाल ल्याउने प्रक्रिया अघि बढाइएको बताइएको छ।

घटनाबारे जानकारी दिँदै नेपाली कांग्रेसका नेता तथा समाजसेवी दिपेश राय यादवले दुर्घटनाप्रति दुःख व्यक्त गरेका छन्। उनले मृतक परिवारलाई तत्काल उचित क्षतिपूर्ति उपलब्ध गराउन तथा घटनाको निष्पक्ष छानबिन गरी पीडित परिवारलाई न्याय दिलाउन सम्बन्धित निकायसँग माग गरेका छन् । यादवले घाइतेहरूको उपचारमा आवश्यक सहयोग उपलब्ध गराउन र मृतकको शव नेपाल ल्याउने प्रक्रियालाई सहज बनाउन नेपाल सरकार तथा सम्बन्धित निकायको तत्काल ध्यानाकर्षणसमेत गराएका छन्।

भारतमा रोजगारीका लागि गएका नेपालीहरू घर फर्किने क्रममा भएको दुर्घटनाले धनकौल गाउँपालिका–४ मा शोकको वातावरण सिर्जना भएको छ । स्थानीयवासीले मृतक परिवारलाई राहत तथा उचित क्षतिपूर्ति उपलब्ध गराउन सम्बन्धित निकायसँग माग गरेका छन्।

# मैथिली साहित्य समाजद्वारा १५०औँ मासिक कविगोष्ठी विशेष समारोह



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मैथिली साहित्य समाज, जनकपुरधामको आयोजनामा १५०औँ मासिक कविगोष्ठी विशेष समारोहबीच शनिबार जनकपुरधाममा सम्पन्न भएको छ । नेपाल बार एसोसिएसनको सभाकक्षमा आयोजित कार्यक्रममा मैथिली भाषा, साहित्य तथा संस्कृतिको संरक्षण र प्रवद्र्धनमा योगदान पु¥याउँदै आएका साहित्यकार तथा कविहरूको सहभागिता रहेको थियो । नियमित रूपमा आयोजना हुँदै आएको मासिक कविगोष्ठीले १५०औँ श्रृंखला पूरा गरेको अवसरमा विशेष समारोह आयोजना गरिएको कविगोष्ठीका संयोजक कवि काशीकान्त झाले बताए ।

उनले जनकपुरधाममा साहित्यिक गतिविधि बढाउने अभिप्रायले २०७० साल फागुन १७ गतेदेखि निरन्तर रुपमा कवि गोठीको आयोजना गर्दै आईरहेको जानकारी दिए । कार्यक्रममा सहभागी कविहरूले मैथिली भाषामा रचना गरिएका कविता, गीत तथा अन्य साहित्यिक सिर्जना प्रस्तुत गरेका थिए । कवितामार्फत समाजका समसामयिक विषय, प्रेम, प्रकृति, संस्कृति, सामाजिक विकृति तथा मैथिली समाजका विविध पक्षलाई उजागर गरिएको थियो ।

साहित्यिक गतिविधिलाई निरन्तरता दिँदै नयाँ पुस्तालाई मैथिली भाषा तथा साहित्यप्रति आकर्षित गर्ने उद्देश्यले यस्ता कार्यक्रमलाई निरन्तरता दिइने संयोजक झाले बताए ।

# ५८ जनाले गरे रगतदान




**मधेशदृष्टि**
**वीरगंज।**
राउन्ड टेबल नेपाल वीरगंज र रोट्र्याक्ट क्लब अफ वीरगंज मेट्रोपोलिसको संयुक्त आयोजनामा शनिबार वीरगंजमा भएको बृहत् रक्तदान कार्यक्रममा ५८ जनाले रक्तदान गरेका छन् । वीरगंज घण्टाघर चोकमा आयोजित कार्यक्रममा देवनाथ राय, सगुनकुमार सिंह, अफरोज अन्सारी, कृष्णमोहन यादव, सञ्जोग थापा, शक्ति श्रेष्ठ, सहिम राउत गद्दीलगायतले रक्तदान गरेका थिए । राउन्ड टेबल नेपालका अध्यक्ष सुमित मित्तल र रोट्र्याक्ट क्लब अफ वीरगंज मेट्रोपोलिसका अध्यक्ष रामविनय यादवको संयुक्त अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको हो । सो अवसरमा नेपाल रेडक्रस सोसाइटी पर्साका सभापति बृजकिशोर पटेल, दिनानाथ रौनियार, रोटरी क्लब अफ वीरगंज मेट्रोपोलिसका अध्यक्ष राजकिशोर प्रसाद, मोहित राजपाल, वीरगंज कपडा बैंकका अध्यक्ष लालबाबु सिंह लगायतको सहभागिता थियो।

राउन्ड टेबल नेपालका अध्यक्ष मित्तलले रगतको अभावका कारण बिरामीलाई उपचारमा समस्या नहोस् भन्ने उद्देश्यले रक्तदान कार्यक्रम आयोजना गरिएको बताउनुभयो । रक्तदान गर्दा दातालाई खासै हानि नहुने तर प्राप्त गर्ने व्यक्तिको जीवन बचाउन महत्वपूर्ण योगदान पुग्ने भएकाले नियमित रूपमा रक्तदान गर्न उनले आग्रह गरेका थिए । रक्तसञ्चार केन्द्र वीरगंजका प्रमुख सौरवराज पाण्डेको नेतृत्वमा स्वयंसेवकको टोलीले रक्तदातालाई रक्तदानका लागि आवश्यक सहयोग गरेको थियो।

# लगानीकर्तामाथि विभेदपूर्ण व्यवहार गरिएको भन्दै विरोध प्रदर्शन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सरकारले लगानीकर्तामाथि विभेदपूर्ण व्यवहार गरेको र उनीहरूको लगानी तथा बचत सुरक्षित गर्न प्रभावकारी पहल नगरेको आरोप लगाउँदै लगानीकर्ता पीडित संघर्ष समिति, मधेश प्रदेशले जनकपुरधाममा विरोध प्रदर्शन गरेको छ । समितिको नेतृत्वमा भएको प्रदर्शनमा सहभागी लगानीकर्ताले सरकारविरुद्ध नाराबाजी गर्दै आफूहरूको बचत तथा लगानी फिर्ताको सुनिश्चितता गर्न ठोस पहल गर्न माग गरेका थिए ।

प्रदर्शनकारीहरूले सरकारले विभिन्न क्षेत्रका लगानीकर्ताप्रति विभेदपूर्ण नीति अपनाएको, पीडितहरूको समस्या समाधानमा उदासीनता देखाएको तथा पटक–पटक ध्यानाकर्षण गराउँदा पनि प्रभावकारी कदम नचालेको आरोप लगाए । समितिका प्रतिनिधिहरूले प्रदर्शनका क्रममा लाखौँ रुपैयाँ लगानी गरेका सर्वसाधारण आर्थिक समस्यामा परेको भन्दै सरकारले उनीहरूको रकम फिर्ता हुने सुनिश्चितता गर्नुपर्ने बताएका छन्। उनीहरूले लगानीकर्तालाई समस्यामा पार्ने व्यक्ति तथा संस्थामाथि छानबिन गरी कानुनी कारबाही गर्न र पीडितहरूको अधिकार संरक्षण गर्न माग गरे ।

समितिले पीडित लगानीकर्ताको समस्या तत्काल समाधान गर्न, रकम फिर्ताका लागि स्पष्ट कार्ययोजना सार्वजनिक गर्न तथा भविष्यमा यस्ता समस्या दोहोरिन नदिन प्रभावकारी कानुनी व्यवस्था गर्न सरकारसँग आग्रह गरेको छ । आफ्ना मागप्रति सरकार गम्भीर नबने आन्दोलनलाई थप सशक्त बनाउँदै चरणबद्ध रूपमा देशव्यापी अभियान सञ्चालन गर्ने समितिले चेतावनी दिएको छ । प्रदर्शन शान्तिपूर्ण रूपमा सम्पन्न भएको थियो। प्रदर्शनका क्रममा सुरक्षा व्यवस्था कायम गर्न सुरक्षाकर्मीसमेत परिचालन गरिएको थियो ।

# गणेश यादवको परिवारलाई प्रदेश सरकारले पक्की घर बनाइदिने

**मधेशदृष्टि**
**सिरहा ।**
सिरहाको गोलबजारमा प्रदर्शनका क्रममा गोली लागेर मृत्यु भएका गणेश यादवको परिवारलाई मधेश प्रदेश सरकारले पक्की घर निर्माण गरिदिने भएको छ । मधेश प्रदेशका शिक्षा तथा संस्कृतिमन्त्री मनोजकुमार सिंह र मृतक यादवका परिवारबीच शुक्रबार साँझ भएको सहमतिअनुसार परिवारका लागि दुई कोठे घर, भान्सा र शौचालयसहितको आवास निर्माण गरिने भएको हो ।

प्रदेश सरकारले सञ्चालन गरेको 'विपन्नसँग मदन भण्डारी आवास योजना' अन्तर्गत यादवको परिवारलाई घर निर्माण गरिदिने सहमति भएको हो । यससम्बन्धी सहमतिपत्रमा प्रदेश सरकार र मृतक परिवारबीच समझदारीसमेत भएको जनाइएको छ । सुनसरीको देवानगंजमा भएको घटनाको विरोधमा सिरहाको गोलबजारमा गत साउन १४ गते भएको प्रदर्शनका क्रममा गोली लागेर गणेश यादवको मृत्यु भएको थियो ।

मृतक यादवको परिवारको आर्थिक अवस्था कमजोर रहेकाले प्रदेश सरकारका तर्फबाट आवास निर्माण गर्ने निर्णय गरिएको मन्त्री सिंहले बताए ।

प्रदेश सरकारले घर निर्माणको प्रक्रिया अघि बढाउने जनाएको छ । आवास निर्माणपछि आर्थिक रूपमा विपन्न मृतक परिवारलाई राहत पुग्ने अपेक्षा गरिएको छ ।

# आन्तरिक राजस्व कार्यालय सिमराद्वारा १७ करोड ८१ लाख बढी राजस्व संकलन

**मधेशदृष्टि**
**सिमरा ।**
आन्तरिक राजस्व कार्यालय सिमराले गत आर्थिक वर्ष २०८२/८३ मा १७ करोड ८१ लाख ६७ हजार रुपैयाँभन्दा बढी राजस्व संकलन गरेको छ ।

कार्यालय प्रमुख दिनेश पाण्डेका अनुसार अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा १५ करोड २२ लाख ७७ हजार रुपैयाँभन्दा बढी राजस्व संकलन भएकोमा गत आर्थिक वर्षमा करिब १७ प्रतिशतले वृद्धि भएको हो ।

कार्यालयका अनुसार आर्थिक वर्ष २०८२/८३ मा आयकरतर्फ १७ करोड ४२ लाख रुपैयाँभन्दा बढी, मूल्य अभिवृद्धि कर (भ्याट) तर्फ १५ करोड २८ लाख रुपैयाँभन्दा बढी र अन्तःशुल्कतर्फ ११ करोड ६६ लाख रुपैयाँभन्दा बढी राजस्व संकलन भएको छ । यस्तै, कार्यालयमा दर्ता भएका करदाताको संख्यासमेत बढेको छ। आर्थिक वर्ष २०८१/८२ मा ८४ हजार ४ सय ८४ करदाता रहेकोमा गत आर्थिक वर्षमा बढेर ९३ हजार १ सय ९ जना पुगेका छन् ।

कार्यालयले राजस्व संकलन र करदाता संख्यामा भएको वृद्धिले कर प्रशासनप्रति बढ्दो सहभागिता तथा करको दायरा विस्तार भएको संकेत गरेको जनाएको छ ।

# निर्मली–जयनगर–सीतामढी रेलमार्ग स्वीकृत: जनकपुरधामसहित मिथिला क्षेत्रलाई ठूलो लाभ

**मधेशदृष्टि**
**जनकपुरधाम।**



भारतको निर्मलीदेखि जयनगर हुँदै सीतामढीसम्म जोडिने प्रस्तावित रेलवे लाइनले अन्तिम स्वीकृति पाएको छ। रेलवे बोर्ड तथा भारतको रेल मन्त्रालयबाट स्वीकृति प्राप्त भएसँगै लामो समयदेखि प्रत्यक्ष र सहज रेल सम्पर्कको प्रतीक्षामा रहेका सम्पूर्ण मिथिला क्षेत्र तथा भारत–नेपाल सीमा क्षेत्रका नागरिकका लागि यो निर्णय महत्वपूर्ण मानिएको छ। प्रस्तावित रेलमार्गको निर्माणमा करिब '२ हजार ४ सय करोड भारतीय रुपैयाँ' खर्च हुने अनुमान गरिएको छ भने यसको कुल लम्बाइ '१८८ किलोमिटर' रहनेछ।

रेलमार्ग निर्माण भएपछि सुपौलको निर्मली, मधुवनीको जयनगर र सीतामढीबीच प्रत्यक्ष रेल सम्पर्क स्थापित हुनेछ। हाल यी क्षेत्रबीच आवतजावत गर्न लामो दूरीको यात्रा गर्नुपर्ने वा सडक यातायातमा निर्भर रहनुपर्ने अवस्था छ। नयाँ रेलमार्ग सञ्चालनमा आएपछि यात्रा दूरी र समय दुवै घट्ने अपेक्षा गरिएको छ। यसबाट सीमावर्ती तथा ग्रामीण क्षेत्रका नागरिकले समेत सहज र छिटो यातायात सेवा पाउनेछन्।

**भारत–नेपाल सीमा क्षेत्रमा आवागमन र व्यापार सहज हुने**

निर्मली–जयनगर–सीतामढी रेलमार्गको अर्को महत्वपूर्ण पक्ष यसको भौगोलिक अवस्थिति हो। प्रस्तावित रेलमार्ग भारत–नेपाल अन्तर्राष्ट्रिय सीमासँग समानान्तर रूपमा अघि बढ्नेछ। जयनगर यसअघि नै नेपालतर्फ जनकपुरधाम हुँदै कुर्थासम्म सञ्चालन हुने अन्तर्राष्ट्रिय रेल सेवाको महत्वपूर्ण केन्द्रका रूपमा स्थापित भइसकेको छ। नयाँ रेलमार्ग थपिएपछि सीमावर्ती क्षेत्रमा यातायातको पहुँच विस्तार हुनुका साथै भारत र नेपालबीचको व्यापारिक गतिविधिमा समेत वृद्धि हुने अपेक्षा गरिएको छ।

त्यस्तै, सीमावर्ती क्षेत्रमा सुरक्षा निकायको आवागमनसमेत थप सहज हुने बताइएको छ। रेल सम्पर्क विस्तारले दुर्गम तथा ग्रामीण क्षेत्रमा पहुँच बढाउने भएकाले सीमा सुरक्षा व्यवस्थालाई समेत थप प्रभावकारी बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

**जनकपुरधामको धार्मिक पर्यटनमा पनि टेवा**

नयाँ रेलमार्गको प्रत्यक्ष लाभ जनकपुरधामले समेत पाउने देखिएको छ। प्रस्तावित रेलमार्गले मिथिला क्षेत्रका महत्वपूर्ण धार्मिक तथा सांस्कृतिक स्थलहरूलाई थप सहज यातायात सञ्जालमा जोड्नेछ। सीतामढीको 'पुनौरधामलाई माता सीताको जन्मस्थल'का रूपमा धार्मिक महत्वका साथ लिइन्छ। त्यस्तै, नेपालतर्फको 'जनकपुरधाम माता जानकीको प्रमुख धार्मिक केन्द्र' हो, जहाँ भारतको जयनगर हुँदै अन्तर्राष्ट्रिय रेल सेवामार्फत यात्रुहरू आउने गरेका छन्।

निर्मली तथा कोसी क्षेत्र पनि मिथिलाको सांस्कृतिक तथा ऐतिहासिक महत्व बोकेका क्षेत्र हुन्। यी क्षेत्रलाई रेलमार्गले जोड्दा धार्मिक तथा सांस्कृतिक पर्यटनको नयाँ सम्भावना खुल्ने अपेक्षा गरिएको छ। विशेषगरी 'रामायण सर्किट' तथा मिथिला सांस्कृतिक पर्यटनसँग जोडेर भारत र नेपालका धार्मिक तथा ऐतिहासिक स्थलबीच सहज यात्रा सम्भव हुने देखिन्छ। यसबाट भारतका विभिन्न क्षेत्रबाट जनकपुरधाम आउने तीर्थयात्री तथा पर्यटकको संख्या बढ्न सक्ने सम्भावना छ।

**मिथिलाको आर्थिक गतिविधिमा नयाँ अवसर**

रेलमार्ग निर्माणले यातायात मात्र सहज बनाउने नभई सीमावर्ती तथा ग्रामीण अर्थतन्त्रमा समेत सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ। बजार, व्यापार, पर्यटन तथा स्थानीय उत्पादनको आवतजावत सहज भएपछि सीमावर्ती क्षेत्रका आर्थिक गतिविधि विस्तार हुन सक्नेछन्। विशेषगरी भारत–नेपालबीचको व्यापारिक आवागमन, धार्मिक पर्यटन र स्थानीय बजारबीचको सम्बन्ध थप बलियो बन्ने सम्भावना छ। यसले मिथिला क्षेत्रको समग्र विकासमा समेत योगदान पु¥याउन सक्ने अपेक्षा गरिएको छ।

लामो समयदेखि प्रत्यक्ष रेल सम्पर्कको माग गर्दै आएका सीमावर्ती क्षेत्रका नागरिकका लागि यो स्वीकृति त्यसैले महत्वपूर्ण उपलब्धिका रूपमा हेरिएको छ। 'निर्मली–जयनगर–सीतामढी रेलमार्ग केवल तीन शहर जोड्ने पूर्वाधार परियोजना मात्र नभई भारतको मिथिला क्षेत्र, भारत–नेपाल सीमावर्ती भूभाग र जनकपुरधामलाई थप नजिक ल्याउने सम्भावित महत्वपूर्ण यातायात तथा आर्थिक करिडोरका रूपमा देखिएको छ।'

# एमबीएस प्रथम सत्रको परीक्षा भदौ १५ गतेदेखि



**मधेशदृष्टि**
**वीरगंज।**

मधेशमा भएको दङ्गाका कारण स्थगित त्रिभुवन विश्वविद्यालय व्यवस्थापन सङ्कायअन्तर्गत मास्टर अफ बिजनेस स्टडिज (एमबीएस) प्रथम सत्रको परीक्षा भदौ १५ गते सञ्चालन हुने भएको छ। डीनको कार्यालयले जारी गरेको जरुरी सूचनाअनुसार गत साउन १५ गते सञ्चालनका लागि तय गरिएको एमबीएस कार्यक्रमअन्तर्गत 'बजार व्यवस्थापन' विषयको परीक्षा केही परीक्षा केन्द्रमा स्थगित भएको थियो।

स्थगित परीक्षा भदौ १५ गते बिहान ११:३० बजे पूर्वनिर्धारित केन्द्रमै सञ्चालन गरिने भएको हो। परीक्षाका लागि जनकपुरको रामस्वरूप रामसागर बहुमुखी क्याम्पस, सर्लाहीको सर्लाही क्याम्पस मलंगवा र जनज्योति बहुमुखी क्याम्पस लालबन्दीलाई केन्द्र तोकिएको छ। त्यस्तै, सिराहाको सूर्यनारायण सत्यनारायण मोरबैता यादव क्याम्पस र जे.एस. मुरारका बहुमुखी क्याम्पस लहान, सप्तरीको महेन्द्रविन्देश्वरी बहुमुखी क्याम्पस राजविराज र नेसनल पिपुल कलेज कञ्चनपुरमा पनि परीक्षा सञ्चालन हुनेछ।

रौतहटमा जनज्योति बहुमुखी क्याम्पस चन्द्रनिगाहपुर र गौरीशङ्कर यादव रौतहट क्याम्पस गौर तथा बाराको सिमरा कलेज र पर्साको ठाकुरराम बहुमुखी क्याम्पस वीरगन्जलाई पनि परीक्षा केन्द्र तोकिएको छ। परीक्षा नियन्त्रण महाशाखाले सम्बन्धित सबै विद्यार्थीलाई तोकिएको मिति, समय र परीक्षा केन्द्रमा समयमै उपस्थित हुन आग्रह गरेको छ।

# गहना बनाइदिने नाममा ५ लाखबढी कतारी रियाल ठगी, दुई नेपाली ज्वैलरी सञ्चालक फरार



**कतार।**

कतारमा गहना बनाइदिने आश्वासन दिएर पाँच लाखभन्दा बढी कतारी रियाल अग्रिम रकम उठाएपछि दुई जना नेपाली सुनचाँदी पसल सञ्चालक फरार भएको आरोप लागेको छ। घटनामा करिब ५० जना नेपाली श्रमिक पीडित बनेका छन्। कतारको चर्चित गोल्ड सुक क्षेत्रमा रहेको 'गोल्डेन स्टोन ज्वैलरी' सञ्चालन गर्दै आएका रौतहटको जिंगडवा–९ घर भएका मो. मोजाज आलम र मोहम्मद रैनमाथि गहना तयार पारिदिने भन्दै ग्राहकबाट रकम लिएर सम्पर्कविहीन भएको आरोप लागेको हो। पीडितहरूका अनुसार उनीहरूले विभिन्न प्रकारका सुनचाँदीका गहना बनाउन अग्रिम रकम बुझाएका थिए। पसल सञ्चालकहरूले अर्डर धेरै भएकाले गहना तयार हुन समय लाग्ने भन्दै पटक–पटक समय सार्दै आएका थिए। लामो समयसम्म गहना नपाएपछि ग्राहकहरूले खोजी गर्दा पसल नै बन्द रहेको र सञ्चालकहरू सम्पर्कमा नआएको थाहा पाएपछि आफूहरू ठगिएको महसुस गरेको बताएका छन्। ठगीको कुल रकम पाँच लाखभन्दा बढी कतारी रियाल रहेको पीडितहरूको दाबी छ। रकम बुझाएपनि गहना नदिइएपछि उनीहरूले कतारका सम्बन्धित प्रहरी निकायमा औपचारिक उजुरी दर्ता गराएका छन्। गैरआवासीय नेपाली संघ (एनआरएनए) कतारका अध्यक्ष कृष्ण पन्थीका अनुसार पीडितहरू संघको सम्पर्कमा आएपछि घटनाबारे जानकारी प्राप्त भएको हो। उनले पीडितलाई आवश्यक सहयोग उपलब्ध गराउन एनआरएनए कतारले नेपाली दूतावास तथा कतारका ठगी र अपराधसम्बन्धी निकायसँग समन्वय गरिरहेको बताए। उजुरीमा उल्लेख भएअनुसार मोजाज आलम र मोहम्मद रैनले करिब सात वर्षदेखि साझेदारीमा उक्त ज्वैलरी व्यवसाय सञ्चालन गर्दै आएका थिए। लामो समयदेखि व्यवसाय गरिरहेका उनीहरू अचानक पसल बन्द गरी सम्पर्कविहीन भएपछि पीडितहरूको चिन्ता बढेको छ।

हाल कतार प्रहरीले दुवै फरार सञ्चालकको खोजी तीव्र पारेको बताइएको छ। पीडितहरूले आफूहरूको रकम फिर्ता गराइदिन र दोषीमाथि कानुनी कारबाही गर्न सम्बन्धित निकायसँग माग गरेका छन्। घटनाले वैदेशिक रोजगारीका क्रममा विदेशमा व्यवसाय सञ्चालन गर्ने नेपालीप्रति विश्वास गरेर ठूलो रकम अग्रिम बुझाउँदा आवश्यक कानुनी सुरक्षा र लिखित प्रमाणको महत्वलाई समेत उजागर गरेको छ।

# अति पिछडिएको वर्गमा प्रथम हुँदै डा. सृष्टि कुमारी बनिन् सहायक प्राध्यापक




**मिश्रीलाल मधुकर**
**पटना।**

विश्वविद्यालय सेवा आयोगद्वारा आयोजित सहायक प्राध्यापक पदको परीक्षामा डा. सृष्टि कुमारीले उत्कृष्ट सफलता हासिल गरेकी छन्। कुल '४२२ जना सफल उम्मेदवारमध्ये २५औँ स्थान' हासिल गरेकी उनले 'अति पिछडिएको वर्गतर्फ प्रथम स्थान' प्राप्त गरेकी हुन्। बाल्यकालदेखि नै अध्ययनमा अब्बल रहँदै आएकी डा. सृष्टि कुमारी ओम प्रकाश प्रसाद र भोली प्रसादकी छोरी हुन्। निरन्तरको मेहनत, उच्च शिक्षा हासिल गर्ने दृढ इच्छाशक्ति र पारिवारिक प्रोत्साहनका कारण उनले शैक्षिक क्षेत्रमा उल्लेखनीय सफलता हात पारेकी हुन्।

उनले पटनाको बारहस्थित सेन्ट जोसेफ कन्भेन्ट गल्स हाई स्कूलबाट इन्टरमिडिएट तहको शिक्षा पूरा गरेकी थिइन्। त्यसपछि भारतको प्रतिष्ठित बनारस हिन्दू विश्वविद्यालय (बीएचयू)बाट स्नातक तथा स्नातकोत्तर तहको अध्ययन पूरा गरिन्। उच्च शिक्षाको यात्रालाई निरन्तरता दिँदै उनले जवाहरलाल नेहरू विश्वविद्यालय (जेएनयू)बाट विद्यावारिधि (पीएचडी) हासिल गरिन्। उनले 'एन.आई.टी.' समेत उत्तीर्ण गरेकी छन्।

सहायक प्राध्यापकका रूपमा सफलता हासिल गरिसकेपछि पनि उनको लक्ष्य यतिमै सीमित छैन। उनी संघ लोक सेवा आयोग (यु.पि.एस.सि.) को परीक्षा उत्तीर्ण गरेर थप जिम्मेवारीपूर्ण सार्वजनिक सेवामा प्रवेश गर्ने लक्ष्यसहित तयारी गरिरहेकी छन्। सहायक प्राध्यापकको जिम्मेवारीसँगै उनले 'यु.पि.एस.सि.' को तयारीलाई पनि निरन्तरता दिइरहेकी छन्।

**'छोरीलाई छोरा मानेर शिक्षा दिएँ'**

डा. सृष्टिको सफलतामा उनको पारिवारिक वातावरणको पनि महत्वपूर्ण भूमिका रहेको छ। उनका पिता ओम प्रकाश प्रसादले भारतीय वायुसेनामा सेवा गरेपछि भारतीय केन्द्रीय बैंकको आधिकारिक पदबाट अवकाश लिएका हुन्। आमा भोली प्रसाद भने गृहिणी हुन्। ओम प्रकाश प्रसादका दुई छोरीमध्ये डा. सृष्टि कान्छी हुन्। उनकी जेठी दिदी रचना प्रसादले वनस्थलीबाट एमसीए अध्ययन पूरा गरेपछि हाल उच्च माध्यमिक विद्यालयमा कम्प्युटर शिक्षिकाका रूपमा कार्यरत छन्।

ओम प्रकाश प्रसादले दुई छोरी जन्मिएपछि पनि आफूलाई छोरा आवश्यक नरहेको बताउँदै छोरीहरूलाई नै छोरासरह मानेर उच्च शिक्षा र अवसर उपलब्ध गराएको बताएका छन्। छोरीको शिक्षालाई प्राथमिकता दिँदै उनले 'बेटी बचाउ, बेटी पढाउ' भन्ने नारालाई व्यवहारमै शतप्रतिशत लागू गरेको परिवारजनको भनाइ छ।

छोरीलाई समान अवसर र उच्च शिक्षा प्रदान गरे त्यसले परिवारसँगै समाजलाई समेत गौरवान्वित बनाउन सक्छ भन्ने उदाहरण डा. सृष्टिको सफलताले प्रस्तुत गरेको छ।

**प्रतिष्ठित व्यक्तिहरूद्वारा बधाई**

सहायक प्राध्यापक परीक्षामा उत्कृष्ट सफलता हासिल गर्दै अति पिछडिएको वर्गतर्फ प्रथम स्थान प्राप्त गरेपछि डा. सृष्टि कुमारीलाई विभिन्न क्षेत्रका प्रतिष्ठित व्यक्तिहरूले बधाई तथा शुभकामना दिएका छन्। विधायक तथा वरिष्ठ आरजेडी नेता रणविजय साहू, पटना उच्च अदालतका वरिष्ठ अधिवक्ता डा. आनन्द कुमार, बिहार तैलिक साहू सभा बिहार राज्यका उपाध्यक्ष तथा आरजेडी नेता साहू भूपाल भारती र पटना मेयर सीता साहू लगायतले उनको सफलताप्रति बधाई व्यक्त गरेका छन्।

डा. सृष्टि कुमारीको सफलता केवल एउटा प्रतिस्पर्धात्मक परीक्षामा प्राप्त उपलब्धि मात्र नभई छोरीलाई समान अवसर, गुणस्तरीय शिक्षा र स्वतन्त्र लक्ष्य निर्धारण गर्ने वातावरण दिइएमा उनीहरूले जुनसुकै क्षेत्रमा उत्कृष्टता हासिल गर्न सक्छन् भन्ने प्रेरणादायी उदाहरणका रूपमा समेत हेरिएको छ। सहायक प्राध्यापकको जिम्मेवारी सम्हाल्दै यु.पि.एस.सि. उत्तीर्ण गर्ने उनको आगामी लक्ष्यले पनि उनको सफलताको यात्रालाई अझ चुनौतीपूर्ण र प्रेरणादायी बनाएको छ।

# ग्यास अभावको हल्लाबीच महोत्तरीका सबै डिलरमा एकैसाथ अनुगमन

**मधेशदृष्टि**
**महोत्तरी।**



खाना पकाउने एलपी ग्यासको आपूर्ति नियमित रहे पनि अभावको हल्ला फैलिन थालेपछि महोत्तरीमा जिल्लाभरका ग्यास डिलर तथा बिक्री केन्द्रमा एकैसाथ अनुगमन गरिएको छ। ग्यासको आपूर्ति, मौज्दात तथा वितरण प्रणालीको अवस्थाबारे जानकारी लिन शनिबार जिल्लाका विभिन्न स्थानमा रहेका डिलर तथा बिक्री केन्द्रको संयुक्त रूपमा अनुगमन गरिएको हो। सम्भावित कालोबजारी, कृत्रिम अभाव र अनावश्यक जम्माखोरी नियन्त्रणलाई समेत अनुगमनको मुख्य उद्देश्य बनाइएको जनाइएको छ।

अनुगमनका क्रममा डिलरहरूमा रहेको ग्यासको मौज्दात, आपूर्ति हुने अवस्था र उपभोक्तासम्म भइरहेको वितरणबारे जानकारी लिइएको थियो। अनुगमन टोलीले जिल्लामा हाल एलपी ग्यासको आपूर्तिमा कुनै समस्या नरहेको जनाएको छ। आपूर्ति नियमित रहेको अवस्थामा उपभोक्ताले अभाव हुन सक्ने आशंकामा आवश्यकताभन्दा बढी ग्यास घरमा सञ्चय नगर्न प्रशासनले आग्रह गरेको छ। अनावश्यक रूपमा ग्यास थुपार्दा बजारमा कृत्रिम अभाव सिर्जना हुन सक्ने भन्दै उपभोक्तालाई संयमित भएर आवश्यकताअनुसार मात्र खरिद गर्न अनुरोध गरिएको हो।

त्यस्तै, जिल्लाका कुनै पनि स्थानमा ग्यासको कृत्रिम अभाव सिर्जना गर्ने, कालोबजारी गर्ने वा अनावश्यक रूपमा ग्यास जम्माखोरी गरेको पाइए तत्काल स्थानीय प्रहरीलाई जानकारी गराउन प्रशासनले उपभोक्तालाई आग्रह गरेको छ। जिल्लाभरका सबै डिलरमा एकैपटक गरिएको अनुगमनले ग्यासको वास्तविक मौज्दात र वितरण अवस्थाको जानकारी लिन तथा बजारमा हुन सक्ने अनियमितता नियन्त्रण गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। प्रशासनले ग्यासको आपूर्ति तथा वितरणलाई सहज र व्यवस्थित बनाउन व्यवसायीलाई नियमअनुसार कारोबार गर्न तथा उपभोक्तालाई अनावश्यक सञ्चय नगर्न आग्रह गरेको छ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन